जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ | •अंक २५९ | • २०८० साल फाल्गुन ३ गते बिहीबार (15 Feburary, Thursday, 2024) | •पृष्ठ ८ | •मूल्य रु. ५।-

# मानमहन्त दास जेलमुक्त



**टुडे समाचारदाता**

भैरहवा । मटिहानी स्थानका मानमहन्त जगरनाथ दास वैष्णव बुधवार जेलमुक्त भएका छन्। रुपन्देही जिल्ला अदालतले दासलाई सफाइ दिएपछि कारागार मुक्त भएका छन् ।

जिल्ला अदालत रुपन्देहीमा बुधवार भएको मुद्दाको अन्तिम सुनुवाइमा दासले सफाइ पाएका छन् । जिल्ला अदालत रुपन्देहीको १ नम्बर इजलासका न्यायाधीश डा.श्रीप्रसाद उप्रेतीले दासलाई सरकारी कागजात किर्ते जालसाजीको मुद्दामा सफाइ दिएपछि उनी कारागार मुक्त भएका छन् ।

२०७९ सालको पुस ३ गते रुपन्देही प्रहरीले उनलाई मटिहानी स्थानबाट पक्राउ गरी लगेको थियो । किर्ते जालसाजी मुद्दामा अदालतले पुर्पक्षका लागि उनलाई थुनामा राख्ने आदेश गरेको थियो । त्यसपछि महन्थ दासले उच्च अदालत र सर्वोच्च अदालतमा थुनामुक्त गर्न अपिल गरेका थिए । उच्च र सर्वोच्च अदालतले जिल्ला अदालतकै पुर्पक्षका लागि थुनामा राख्ने आदेश सदर गरेको थियो ।

रुपन्देहीका सहायक सीडीओ रामचन्द्र अर्यालको किर्ते जालसाजी हस्ताक्षर गरी जिल्ला प्रशासन कार्यालयको छाप समेत प्रयोग गरी ७० लाख भन्दा बढी रुपैयाँ सिरहा जिल्लाका श्रवण यादवको मेगा बैंकको खातामा ट्रान्सफर गरेका थिए ।

गुठी संस्थानले मटिहानी स्थानको महन्तबाट उनलाई हटाइसकेको छ । गुठी संस्थानको मान्यता प्राप्त महन्त नरहे पनि दासले मटिहानी स्थानमा नै रहेर जग्गा बेचबिखन लगायतका काम गर्दै आएका थिए ।

कारागार मुक्त भएपछि भैरहवामा नै रहेका महन्त जगरनाथ दास बिहीबार मटिहानी जाने बताइएको छ । अदालतको आदेश लिएर महन्तका सहयोगीहरु कारागारमा पुग्दा केही ढिला भएको थियो ।तर अदालतको फैसलाको आधारमा उनलाई कारागार मुक्त गरिएको बताइएको छ ।

# संघीय गठबन्धन भत्किने त्रास

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड'को एउटा अभिव्यक्तिले संघीय गठबन्धन भत्किने त्रास नेताहरुमा देखिएको छ । प्रचण्डले कांग्रेससितको गठबन्धन माओवादीका लागि फलदायी नभएको धारणा पार्टीको आन्तरिक बैठकमा राखेपछि नेताहरु सशंकित बनेका छन् ।

कोशी प्रदेशमा गत माघ ११ गते भएको राष्ट्रिय सभा निर्वाचनमा कांग्रेसले माओवादीका उम्मेदवारलाई मतदान नगरेको आरोप लागेको छ। राष्ट्रिय सभाको चुनावपछि आक्रोशित बनेका प्रधानमन्त्री प्रचण्डले खुल्ला रुपमा नै असन्तुष्टि राखेपछि गठबन्धन तरंगित बनेको छ ।

कोशी प्रदेशमा कांग्रेसले माओवादीका मुख्यमन्त्रीलाई सहयोग नगरी एमालेसित मिलेर सरकार बनाएको पीडा पनि प्रचण्डलाई छ ।

माओवादीको केन्द्रीय समिति बैठकमा अध्यक्ष प्रचण्डले मुलुकको राजनीतिक परिस्थितिको विश्लेषण गर्दै माओवादीका लागि कांग्रेससँगको गठबन्धन फलदायी बन्न नसकेको ब्रिफिङ गरेको नेताहरुले सार्वजनिक गरेका छन् ।

गठबन्धनमा भएको सहमति अनुसार प्रचण्ड २ वर्ष प्रधानमन्त्री रहने छन् ।त्यस मध्ये १ वर्षे कार्यकाल पूरा भएको छ ।माओवादी अध्यक्ष प्रचण्डले केन्द्रीय समितिको बैठकमा व्यक्त गरेको धारणा गठबन्धनका प्रमुख साझेदार नेपाली कांग्रेसलाई 'थ्रेट' हुन सक्ने कतिपय नेताहरुको बुझाइ छ ।

तर गठबन्धनमा तनाव भए मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले लिन चाहेको विश्वासको मतमा समस्या आउन सक्नेछ ।

मधेश प्रदेशमा सरकारबाट अलग्गिएसँगै समर्थन समेत जनमत पार्टीले फिर्ता लिएपछि मुख्यमन्त्री यादवले विश्वासको मत लिन चाहेका छन् ।

अनौपचारिक रुपमा मुख्यमन्त्रीलाई कांग्रेस र नेकपा एसले विश्वासको मत दिने जनाइसकेका छन् । लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा) ले पनि विश्वासको मत दिने वचन दिएको बताइएको छ ।तर माओवादी संसदीय दलका नेता भरत साहले मुख्यमन्त्री फेर्नु पर्ने अडानबाट पछि हटेका छैनन् ।

उच्च स्रोतका अनुसार बिहीबार बस्ने संघीय गठबन्धन दलका शीर्ष नेताहरुको बैठकले मधेश प्रदेशमा विश्वासको मत दिने निर्णय गर्ने बलियो संभावना छ । गठबन्धनले निर्णय गरे लगतै मुख्यमन्त्री यादवले शुक्रवार विश्वासको मत लिने बताइएको छ ।

कांग्रेस महासमितिको बैठक ७ गतेदेखि प्रारम्भ हुने भएकाले त्यस अगावै मुख्यमन्त्री यादवले विश्वासको मत लिन चाहेका छन् ।स्रोतका अनुसार गठबन्धनका नेताहरुले पनि कांग्रेस महासमितिको बैठक अगावै मधेश प्रदेशमा विश्वासको मत दिने निर्णय गर्ने छन् ।

मधेश प्रदेश सभामा सत्तारुढ गठबन्धनसित पर्याप्त बहुमत रहेकाले विश्वासको मत लिइरहन आवश्यक नभए पनि मुख्यमन्त्री यादवले जनमत हटेपछि पनि सरकारसित बहुमत रहेको साबित गर्न चाहेका छन् ।

कांग्रेसले सभामुख रामचन्द्र मण्डलमाथि महाभियोग लगाएर हटाउन जनता समाजवादी पार्टी( जसपा)माथि दबाब बनाउन मुख्यमन्त्री फेर्नुपर्ने माग राखेको बताइन्छ ।

सत्तागठबन्धनमा मधेश प्रदेशमा सबै भन्दा ठूलो दल भए पनि कांग्रेसको नेतृत्वमा सरकार छैन् । संघीय गठबन्धनमा भएको सहमति अनुसार पनि मधेश प्रदेशमा कांग्रेसले सरकारको नेतृत्व गर्ने संभावना छैन् । त्यसकारण सभामुखमा कांग्रेसले दाबी गर्दै आएको छ । तर जसपाले कांग्रेसको चाहनालाई समर्थन गरेको छैन् । जसपा र एमाले बाहेक सभामुखलाई हटाउन सबै दल तयार रहेको बताइन्छ । स्रोतहरुका अनुसार सभामुखलाई जोगाउन एमालेले पनि मुख्यमन्त्री यादवलाई विश्वासको मत दिने छ ।

खुशिको खबर ! खुशिको खबर !! खुशिको खबर !!!
कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर (अस्पताल)
ब्रहमपुरी, जनकपुरधाम-९, धनुषा (नेपाल)
साबिकको जानकी मेडिकल कलेजको सिटी हस्पिटल भवनमा



डा. हेमन्त कुमार साह
एन.एम.सी.नं. १५०४०
एम.बि.बि.एस., एम.एस. (न्यूरोसर्जरी)
एम.सी.एच., न्यूरोसर्जरी (टि.यू., आई.ओ.एम.)
कन्सल्टेन्ट न्यूरोसर्जन

☞ यहाँ Brain तथा Spinal सम्बन्धित सबै शल्यक्रिया (Operation) आधुनिक मेशिनद्वारा गरिन्छ ।
☞ यहाँ २४ घण्टा ICU तथा Emergency सेवा उपलब्ध छ ।

१) टाउको दुख्नु (Migraine headache) अर्द्धकपारी
२) टाउको, ढाड, हात तथा खुट्टाको समस्या
३) नशा च्यापिनु
४) छारे रोग
५) हात, खुट्टा पोल्नु
६) हात, खुट्टा झमझम गर्नु र कामनु
७) रिंगटा लाग्नु
८) प्यारालाइसिस
९) हिडदा हुतिनु
१०) पक्षघात (Brain Haemorrhage, Brain Tumor)




टाउको तथा नाशामा चोटपटक लाग्नु सम्बन्धी सम्पूर्ण रोगको लागि एउटै गन्तव्य ।
सम्पर्क नं. ०४१-५९१०९२, ९८१४०२९७६९






# पुल हेर्नेको घुइँचो

टुडे समाचारदाता

जनकपुरधाम । धनुषा र सिरहालाई जोड्ने एक हजार पाँच सय दशमलव ४४ मिटर लामो कठाल मल्हनिया मल्टिस्पान झोलुङ्गे पुल हेर्न आउनेको घुइँचो लाग्ने गरेको छ ।



करिब दुई साताअघि निर्माण भई सञ्चालनमा आएको उक्त पुल हेर्न नेपाल र भारतबाट सयौंको संख्यामा मानिस आउने गरेका छन् । दैनिक पाँच सयदेखि आठसयको हाराहारीमा पुल घुम्न मानिस आउने गरेको धनुषा जनकनन्दनी गाउँपालिका-६ कठालका बिल्टु मण्डलले बताए । नदी र बालुवा बाहेक केही नभएको झोलुङ्गे पुल निर्माण भएपछि आवतजावतको सहजतासँगै यस क्षेत्र भरिभराउ देखिन थालेको उनको भनाइ छ ।

मण्डलले भने, "पुल वरिपरि धमाधम पसल खुल्दैछन् । यसले गर्दा स्थानीय बासिन्दाको आम्दानीको स्रोत बन्दै गएको छ ।" पुल हेर्नका लागि अहिले आसपासका गाउँबाट मात्रै होइन छिमेकीमूलुक भारतको मधुवनी जिल्लाका जयनगर, भदौर, देउधा, हरिने हरलाखी, अकोन्हा, उछाल, बेलालगायतका दर्जनौं ठाउँबाट मानिस आउने गरेका पुलको सुरक्षामा खटिएका प्रहरी चौकी बलहा गोठ बनरझुल्लाका इन्चार्ज शर्मा प्रसाद यादवले जानकारी दिए ।

"जहिया स पुल्ला बैन सुरु भेलैया, तहिया स गाममे मुरही कचरीके नस्ताके दोकान चल्बे नै करै छल (जहिलेदेखि पुल निर्माण सम्पन्न भएर आवतजावत सुरु भयो । तबदेखि गाउँमा रहेको मुरही कचरीको नास्ता पसलमा बिक्री कम हुदैंन)", जनकनन्दनी-६ कठालमा मुरही कचरीका पसल थापेकी गीतादेवीले भने । पहिले गाउँमा दुई हजारदेखि दुई हजार पाँचयसम्मको बिक्री हुनेमा अहिले बम हुँदै गएको उनले बताए ।

गाउँमा बिक्री कम हुन थालेपछि पुलको शिरमा चप, कचरी, मुरही र जिलेबी बेच्न थालिएको गीतादेवीले बताइन् । यहाँ पसल थापेपछि पुनः दैनिक दुई हजारदेखि तीन हजारसम्म आम्दानी हुने गरेको उनले बताए ।

यो पुलको भार क्षमता पाँच सय ४० मेट्रिक टन र तीन हजार आठ सय ८६ पैदलयात्रीको रहेको छ । सम्झौता मिति भन्दा छ महिना अगावै निर्माण कम्पनीले काम सम्पन्न गरेको छ ।

**टावरमा सोलार प्यानल जडान**

पुलमा रातिको समयमा सर्वसाधारणलाई आवतजावतमा सहजता प्रदान गर्ने उद्देश्यले सोलार प्यानल जडान गरिएको छ । पुलमा छ वटा सोलार प्यानल जडान गरिएको पुल निर्माणमा स्वयंसेवकका रुपमा खटिएका इन्जिनियर विनोदकुमार मण्डलले बताए ।

मधेश प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय मातहतका भौतिक पूर्वाधार विकास निर्देशनालय जनकपुरधामको सहयोगमा पुलमा सोलार प्यानल जडान गरिएको उनले जानकारी दिए । उनका अनुसार दश लाखको लागतमा उक्त सोलार प्यानल पुलको छ वटै टावरमा जडान गरिएको छ ।

# बाछो काटेको आरोपमा ३ जना पक्राउ

टुडे समाचारदाता

राजविराज । सप्तरीको हनुनमानगर कंकालिनी नगरपालिकाबाट गाईको बाछो काटेर खाएको आरोपमा स्थानीयले ३ जनालाई नियन्त्रणमा लिई प्रहरीको जिम्मा लगाएको छ ।

बुधवार विहान हनुमाननगर कंकालिनी नगरपालिका वडा १३ वस्ने २५ वर्षीय मो.समसाद, ३५ वर्षीय कैजुन मंसुरी र ४० वर्षीय जमुल मन्सुरीलाई स्थानीयले बाच्छो काट्न प्रयोग गरिएको घरेलु हतियार सहित इलाका प्रहरी कार्यालय हनुमाननगरमा बुझाएका छन् ।

वडाअध्यक्ष अजय यादवका अनुसार ४ दिन अघि स्थानीयवासी तेज नारायण यादव सिपलियाको गाईको बाछो चोरी भएको थियो । सो बारे पत्ता लगाउने क्रममा ती तीनै जनाले चोरी गरी लगेको र मारेर खाएको खुल्न आएपछि नियन्त्रणमा लिइ प्रहरीको जिम्मा लगाइएको वडाअध्यक्ष यादवको भनाइ छ ।

चोरी गरी लगेर बाछो काटेर मार्ने क्रममा प्रयोग गरिएका घरेलु हतियार समेत नियन्त्रणमा लिइ इलाका प्रहरी कार्यालय हनुमाननगरको



जिम्मा लगाइएको उनले जानकारी दिए ।

वडाअध्यक्ष यादवले उनीहरु यस अघि पनि गाउँघरमा पशु चौपाया चोरी गरी मार्ने, काटेर खाने तथा बेच बिखन गर्ने कार्यमा संलग्न रहदै आएको बतए । सोही शंकाको आधारमा उनीहरुलाई नियन्त्रणमा लिइ केरकार गर्दा सिपलीयाको गाईको बाछो चोरी गरी लगेर मारेर खाएको स्वीकार गरेपछि प्रहरीको जिम्मा लगाइएको उनले बताए ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज न्यौपानेले इलाका प्रहरी कार्यालय हनुमाननगरको हिरासतमा रहेका तीनै जनामाथि अनुसन्धान सुरु गरिएको र अनुसन्धान सकिएपछि कानुन बमोजिम कारबाही प्रकृया अघि बढाइने जानकारी दिए ।

# एमालेले सचिवहरुलाई बुझायो ज्ञापनपत्र

टुडे समाचारदाता

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले 'झुलाघाट-चुवा भञ्ज्याङ' अभियानका क्रममा सङ्कलित नागरिकका समस्या तथा सुझाव समेटिएको ज्ञापनपत्र मुख्यसचिव र विभिन्न मन्त्रालयका सचिवलाई बुझाएको छ ।




एमाले उपाध्यक्ष विष्णु पौडेल र सो पार्टीका मुख्य सचेतक पदम गिरीले बुधबार नेपाल सरकारका मुख्यसचिव डा वैकुण्ठ अर्याललगायत विभिन्न मन्त्रालयका सचिवलाई ज्ञापनपत्र बुझाए ।

एमालेले गत मङ्सिर १४ गतेदेखि पुस १ गतेसम्म बैतडीको झुलाघाटदेखि मेचीको चुवा भञ्ज्याङसम्मको मध्यपहाडी लोकमार्ग केन्द्रित अभियान सञ्चालन गरेको थियो । सो अवसरमा प्राप्त नागरिकका समस्या र सुझाव समेटिएको दस्तावेज बुधबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमाआयोजितकार्यक्रममार्फत सरकारका सचिवहरुलाई बुझाइएको हो ।

सो अवसरमा उपाध्यक्ष पौडेलले मध्यपहाडी क्षेत्रमा पछिल्लो समय बसाइँसराइको गति तीव्र भएको, खेतीयोग्य जमिन बाँझो हुँदै गएको, घरहरु खण्डहरु बन्दै गइरहेको भन्दै बसाइँसराइ कम गर्न अध्ययन गरी काम अगाडि बढाउन आग्रह गरे ।

उपाध्यक्ष पौडेलले मध्यपहाडी लोकमार्गलगायत विभिन्न राजमार्गको काम अगाडि बढाउन र पहाडी क्षेत्रमा गर्न सकिने विकासका काम सरकारले यथाशीघ्र अगाडि बढाउनुपर्नेमा जोड दिए । "पहाडी क्षेत्रमा बसाइँ सर्नेक्रम तीव्र छ, बसाइँसराइले पहाड रित्तिँदै छ, बसाइँसराइ रोक्न के गर्न सकिन्छ त्यसतर्फ सम्बन्धित मन्त्रालयको ध्यान जाओस्", उनले भने ।

बुधबार बुझाइएको ज्ञापनपत्र दराजमा मात्रै नथन्क्याउन र प्राप्त सुझावका आधारमा नागरिकका समस्या सम्बोधन गर्न उनले आग्रह गरे ।

मुख्यसचिव डा वैकुण्ठ अर्यालले ज्ञापनपत्रमा प्राप्त सुझाव महत्वपूर्ण हुने भन्दै सुझावअनुसार कार्यान्वयन गरिने उल्लेख गरे ।

उनले भने, "ज्ञापनपत्र दराजमा थन्क्याइने छैन, कुन मन्त्रालयबाट के गर्न सकिन्छ त्यो विषयमा छलफल गरी कार्यान्वयन प्रक्रियामा जानेछौं ।"

# सवारी दुर्घटनामा ज्यान गुमाउनेको संख्या बढ्यो

टुडे समाचारदाता

वीरगञ्ज । सवारी दुर्घटनामा परी मृत्यु हुनेको संख्या पर्सामा बढ्दै गएको छ । गत आर्थिक वर्षको साउनदेखि माघसम्मको तुलनामा चालु आवको सोही अवधिमा सवारी दुर्घटनामा ५८ प्रतिशत वृद्धि भएको छभने ज्यान गुमाउनेको संख्या २३ प्रतिशतले बढेको छ ।

गत आवको पहिलो छ महिनामा भएका एक सय ३१ सवारी दुर्घटनामा परी २२ जनाको मृत्यु भएको तुलनामा चालू आवको सोही अवधिमा दुई सय सात सवारी दुर्घटना हुँदा मृत्यु हुनेको संख्या २७ पुगेको छ । जिल्लामा भएका कुल सवारी दुर्घटनामध्ये ६५ प्रतिशत दुर्घटना मोटरसाइकलका छन् । मृत्यु हुनेमा मोटरसाइकल चालक नै बढी रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक भाष्कर खतिवडाले जानकारी दिए । उनले सबैभन्दा बढी सवारी दुर्घटना जिल्लाको ग्रामीण भेगमा हुने गरेको छ । उनले दुर्घटनाको मुख्य कारण द्रुतगतिमा सवारी साधन चलाउनु नै रहेको बताए । सवारी दुर्घटनामा परी मृत्यु हुनेको संख्या वृद्धि भएसँगै दुर्घटनामा परी गम्भीर घाइते हुनेको संख्या १९ प्रतिशत र सामान्य घाइतेको संख्या ५० प्रतिशतले वृद्धि भएको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

गत आवमा भएका सवारी दुर्घटनामा परी गम्भीर ४१ र सामान्य एक सय ८१ घाइते भएको तुलनामा चालु आवमा गम्भीर घाइते हुनेको संख्या ४९ र सामान्य घाइतेको संख्या दुई सय ७१ पुगेको निरीक्षक खतिवडाले जानकारी दिए । उनले बढ्दो सवारी दुर्घटनालाई न्यून गर्न ट्राफिक प्रहरीले जिल्लाका विभिन्न स्थानमा आयोजना गरेको चेतनामूलक कार्यक्रममा ४१ हजारभन्दा बढी व्यक्तिलाई सवारी ऐनबारे जनचेतना दिएको बताए ।

# धुमधामसाथ मनाइयो सरस्वती पूजा

टुडे समाचारदाता

जनकपुरधाम । श्रीपञ्चमी पर्व अर्थात विद्याकी देवी सरस्वतीको पूजा धुमधामसाथ मनाइएको छ ।



हिन्दू धर्मावलम्वीहरुले सरस्वतीको पूजा आराधना गरी जनकपुरधाम सहित विश्वव्यापीरुपमा धुमधाम साथ मनाइएको छ ।

जनकपुरधामको मोडेल कलेजसहित विभिन्न सामुदायिक विद्यालय, निजी विद्यालय, कलेज, क्याम्पस र चोकचोकमा समेत धुमधामसाथ सरस्वती पूजा गरिएको छ ।

प्रत्येक वर्ष माघ शुक्ल पञ्चमीका दिन श्रीपञ्चमी पर्व विद्याकी देवी सरस्वतीको पूजा आराधना गरी मनाइन्छ । ऋतुहरूको राजा वसन्तको सुरुवात हुने दिन भएकाले यस दिनलाई वसन्त पञ्चमी पनि भनिन्छ । वसन्त पञ्चमीका दिन सरस्वतीको पूजा गरे विद्या, बुद्धि बढ्ने विश्वास रहेको छ ।

विद्यालय नपठाइएका साना बालबालिकालाई अक्षरारम्भ गराउने चलनसमेत छ । आजका दिन लेखपढ गर्न सिकाए राम्रो विद्या आउने जनविश्वास छ । सरस्वतीलाई भक्तजनले भारती, शारदा, हंसवाहिनी, जगन्माता, वागीश्वरी, कौमारी, वरदायिनी, बुद्धिदात्री, ब्रह्मचारिणी, चन्द्रघण्टा र भुवनेश्वरीजस्ता नामले पुकार्ने गरेका छन् । सरस्वतीलाई नैवेद्यका रुपमा नौनी, दही, दूध, धानको लावा, तिलको लड्डु, नरिवलको जल, मूला, बयर, बेल, अदुवा अर्पण गरिन्छ ।

सरस्वतीलाई सेतो रंग, फूल, चन्दन आदि प्रिय लाग्ने भएकाले यस दिन पूजामा यी सामग्री चढाउने गरिन्छ । गान्धर्व पुराणमा सरस्वतीको पूजा गरी विद्यारम्भ गरेमा सर्वसिद्धि प्राप्त हुन्छ भन्ने उल्लेख रहेको छ ।

सो अवसरमा निजी विद्यालय सम्बद्ध संघसंगठनले विद्यार्थीहरुलाई विद्यालय पोसाकमा आउन भने पनि प्रायः विद्यालयका विद्यार्थीले भने पालना गरेको नदेखिएको स्थानीय अभिभावकले टिप्पणी गरेका छन् ।

# विद्यार्थीले देशको हितमा खोज गर्नुपर्ने : उपराष्ट्रपति

टुडे समाचारदाता

काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादवले दक्षता, सीप र कौशलमा प्राज्ञ उत्कृष्टता हासिल गर्दै विद्यार्थीले समुदाय, समाज र देशको हितमा खोज गर्दै अघि बढ्नुपर्ने बताएका छन् । मुलुकको सुनौलो भविष्य निर्माण गर्न शिक्षाले महत्वपूर्ण भूमिका निर्वाह गरेको उनले उल्लेख गरे ।

वसन्त पञ्चमी तथा सरस्वती पूजाका अवसरमा बुधबार नेपाल तराई विद्यार्थी नवजागरण सङ्घले पुल्चोक इन्जिनियरिङ क्याम्पसमा आयोजना गरेको सरस्वती पूजा कार्यक्रममा उपराष्ट्रपति यादवले नेपालको सन्दर्भमा इन्जिनियरिङ शिक्षाको महत्व र उपादेयता अझै बढी रहेको बताए ।

शिक्षासँगै अटल समर्पण, त्याग र तपस्या पनि उत्तिकै आवश्यक भएको उनको भनाइ थियो ।

उपराष्ट्रपति यादवले विकासोन्मुख मुलुकले भोग्दै आएका गरिबी, अशिक्षा, पूर्वाधार विकास र वातावरणीय दिगोपनजस्ता समस्याबाट नेपाल पनि टाढा नरहेको बताए । "यी समस्याको निराकरण र निवारण गर्न इन्जिनियरको भूमिका अहम् छ । तपाईहरु यथास्थितिलाई चिर्दै सबैखाले चुनौती र समस्याको समाधान गर्न अग्रपङ्क्तिमा हुनुपर्दछ", उनले भने ।

वसन्त पञ्चमी तथा सरस्वती पूजाले सम्पूर्ण विद्यार्थीमा आपसी मेलमिलाप, भाइचारा, सदाचार, मैत्रीभाव र वन्धुत्वभावका साथ समाज तथा देशको सेवाका लागि दत्तचित्त भई सदैव अग्रसर हुन उत्प्रेरित गर्न सकोस् भनी उपराष्ट्रपति यादवले कामना गरे ।

# विशेष क्षमताका विद्यार्थीका लागि विद्यालय

टुडे समाचारदाता

काठमाण्डु । नेपाली सेनाका बहालवाला तथा अवकाश प्राप्त सैनिकका विशेष क्षमता भएका सन्ततीलाई शिक्षा तथा जीवनोपयोगी सीप सिकाउने उद्देश्यले छाउनीमा वरदान सैनिक विशेष दिवा विद्यालय निर्माण गरिएको छ ।

सैनिक श्रीमती सङ्घको पहलतामा सैनिक कल्याणकारी कोषको लगानीमा निर्मित उक्त विद्यालयमा आगामी शैक्षिक सत्रबाट ३० जना बालबालिका भर्ना गरी पठनपाठन आरम्भ गरिने सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।



प्रधानसेनापति प्रभुराम शर्मा र सैनिक श्रीमती सङ्घकी अध्यक्ष श्रीमती सुनिता शर्माले उद्घाटन गरेको उक्त विद्यालय करिब १५ महिनाअघि शिलान्यास गरिएको थियो । भवन समुद्घाटन समारोहमा प्रधानसेनापति शर्माले बहालवाला र अवकाशप्राप्त सैनिक व्यक्तिका विशेष क्षमता भएका सन्ततिको शिक्षा र जीवनोपयोगी क्षमता विकासमा विद्यालय महत्वपूर्ण सावित हुने बताए ।

उनले विद्यालय सञ्चालनका लागि सहायता जुटाउन आयोजित वरदान सुरसन्ध्यामा सहयोग पुऱ्याउने कलाकारलगायत सम्बद्ध सबैलाई धन्यवाद ज्ञापन गरे ।

सङ्घकी अध्यक्ष शर्माले विसं २०४० कात्तिक २२ गते स्थापित सैनिक श्रीमती सङ्घ सैनिक व्यक्तिका परिवारको कल्याण सँगसँगै विपद् प्रभावित र अभावमा रहेका सर्वसाधारणको हितका क्षेत्रमा समेत क्रियाशील रहँदै आएको बताए ।

## तपाईको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख । |
| बृष | : सुख समृद्धि हुने । |
| मिथून | : भ्रमण अवसर हुने । |
| कर्कट | : अवसर प्राप्त । |
| सिंह | : वाद विवादबाट बच्नु । |
| कन्या | : पुरस्कार प्राप्त लाभ । |
| तुला | : नयाँ कार्य हुने । |
| वृश्चिक | : बौद्धिक क्षमता । |
| धनु | : प्रतिभा सम्पन्नता । |
| मकर | : शिक्षामा उन्नति । |
| कुम्भ | : पारिवाहिक सुख । |
| मीन | : धन वृद्धि सञ्चय । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# निजामती सेवा : संघ र प्रदेशका कानुन बाझिए, कर्मचारी अन्योलमा

जनकपुरधाम । कृषि ज्ञान केन्द्र सप्तरीको प्रमुखबाट गत भदौ ३० गते सेवानिवृत्त हुनुभएका राजेन्द्रप्रसाद यादवले अहिलेसम्म पनि अवकाश पत्र पाउनुभएको छैन । अवकाश पत्र नै नपाएपछि सेवासुविधा पाउने कुरै भएन । उहाँ मात्रै होइन, सेवानिवृत्त भएर पनि अवकाश पत्र नपाउने उहाँजस्तै धेरै कर्मचारी छन् मधेश प्रदेशमा ।

त्यसरी अवकाश पत्र दिने जिम्मेवारी प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको छ । तर सो कार्यालयले सङ्घीय र प्रदेश सरकारको कानुन बाझिएका कारण अवकाश पत्र नदिएको दाबी गरिरहेको छ। विद्यमान निजामती सेवा ऐन तथा नियमावलीअनुसार ५८ वर्ष उमेर पुगेपछि अनिवार्य अवकाशमा जानुपर्ने कर्मचारीले प्रदेशको कानुनलाई टेकेर सर्वोच्च अदालतबाटअन्तरिम आदेश ल्याएर काम गर्न थालेपछि समस्या थप पेचिलो बनेको हो ।

मधेश प्रदेश निजामती सेवा ऐन, २०७७ र नियमावली, २०७९ को प्रावधानले अवकाशको उमेर हद ६० वर्ष तोकेको छ । विसं २०७७ माघ २८ गते प्रमाणीकरण भई लागू भएको प्रदेश निजामती सेवा ऐनको दफा ५४ मा अनिवार्य अवकाशबारे भनिएको छ, "प्रदेश निजामती कर्मचारीले साठी वर्ष उमेर पूरा भएपछि प्रदेश निजामती सेवाबाट अनिवार्य अवकाश पाउनेछ ।" यही प्रावधानअनुसार अदालतबाटअन्तरिम आदेश ल्याएका कर्मचारीहरूले ६० वर्षसम्मै काम गर्ने तर अवकाशपछिको अर्थात् ५८ वर्षदेखि ६० वर्षबीचका दुई वर्षको आर्थिक दायित्व कसले लिने भनेर प्रष्ट नभएकाले समस्या आइरहेको पाइएको छ । यही उल्झनका कारण महत्वपूर्ण समय सरकारी सेवामा बिताएका कर्मचारीहरूले अवकाशमा जाँदा कानुनी झमेलामा फसिरहेका छन् ।

त्यही झमेला भोगिरहनुभएका सेवानिवृत्त यादवले भन्नुभयो, "सङ्घीय कानुनअनुसार मैले २०७८ भदौ ३० गते अवकाशमा जानुपर्ने भयो तर प्रदेशको कानुनमा टेकेर मैले र अरु थुप्रै साथीहरुले 'स्टेअर्डर' लियौं । त्यतिबेला नियमावली आएको थिएन", यादवले भन्नुभयो, "ऐनअनुसार ६० वर्ष सेवा गरेर अवकाश पाइसकेको छु तर अहिले नियमावलीले फरक व्यवस्था गरेको भनेर अवकाश पत्र पाएको छैन । सरकारले स-सम्मान घर पठाउनुपर्ने बेला उल्टै मानसिक तनाव दिएर घर पठाएको छ ।"

ऐन आएको झण्डै १६ महिनापछि अर्थात विसं २०७९ जेठ १४ गते राजपत्रमा प्रकाशित भई प्रदेश निजामती सेवा नियमावली लागु भयो । सो नियमावलीको नियम १४२ मा भनियो, "ऐन प्रारम्भ भएपछि भर्ना भएको कर्मचारीको अवकाश उमेर साठी वर्ष तथा समायोजन भई आएका कर्मचारीको हकमा निज भर्ना भएको सेवा समूहसँग सम्बन्धित कानुनमा व्यवस्था भएबमोजिम हुनेछ ।"

तर नियमावली आउनुअघि नै धेरै कर्मचारीले ऐनको व्यवस्थालाई टेकेर काम गरिसकेका थिए। अहिले सङ्घबाट समायोजन भई आएका ती कर्मचारीलाई पनि अवकाश पत्र दिइएको छैन। यादव भने सरकारले समयमै ऐन कानुन नबनाउँदा र कानुनमा एकरुपता कायम गर्न नसक्दाको दोष कर्मचारीमाथि थोपरेर तनाव दिन नहुने बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "म विसं २०१३ को निजामती सेवा ऐन, नियमावलीको ६० वर्षे उमेर हदअनुसार सेवा प्रवेश गरेको थिएँ। बीचमा ५८ वर्ष बनाइयो र प्रदेशमा आएपछि फेरि ६० वर्ष भनियो। सेवा प्रवेश गर्दा ६० वर्षका लागि शपथ खाएको मैले प्रदेशको ऐनअनुसार काम गर्न पाऊँ भन्नु कसरी गलत हुन्छ ? त्यहीअनुसार सर्वोच्च अदालतबाट आदेश पनि भयो । तर अहिले अवकाश पत्रका लागि तनाव बेहोरिरहेको छु ।"

केन्द्रको कानुनअनुसार गत मङ्सिर २४ गते नै अवकाश पाइसक्नु भएका विपिनकुमार झा अदालतबाट स्टेअर्डर लिएर अहिले वन तथा वातावरण मन्त्रालयमा वरिष्ठ जलाधार व्यवस्थापक (१०औँ तह) पदमा कार्यरत हुनुहुन्छ । "काम त गरिरहेको छु, तर मानसिक द्वन्द्वको अवस्थामै छु । ६० वर्ष गुजारेर गएका अन्य कर्मचारीले सेवासुविधाका लागि झेल्नुपरेको समस्या र पीडा देखेर छोडौंजस्तो लाग्छ। प्रदेश कानुनअनुसार काम गर्नु भनेर अदालतले दिएको फैसला हेर्दा काम गरौंजस्तो लागिरहेको छ। द्विविधामै छु", झाले भन्नुभयो ।

सर्लाहीका तत्कालीन डिभिजनल वन अधिकृत माधव देवले भने अदालतबाट 'स्टेअर्डर' लिएर पनि अरुको कानुनी उल्झन देखेर सेवालाई निरन्तरता दिनु भएन। विसं २०७८ मङ्सिर १५ गते सङ्घको कानुनअनुसार अवकाश पाउने समय थियो । अरुले जस्तै उहाँ पनि अवकाश पाउनुअघि नै स्टेअर्डरका लागि अदालत जानुभयो । तर सेवानिवृत्त भएको चार दिनपछि अर्थात् सोही महिनाको १९ गते अदालतले काम गर्नु गराउनु भनी स्टेअर्डर जारी गर्‍यो । राससँग देव भन्नुहुन्छ, "अरुले गरेको अभ्यास र प्रदेशको ऐनअनुसार मैले पनि रिट दर्ता गरेँ, त्यहीअनुसार फैसला पनि आयो । तर कानुनको उल्झन र अरु कर्मचारीले भोगेको तनाव देखेर फर्किनै मन लागेन ।"

मधेश प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव रामकृष्ण पुडासैनीले पनि सो कुरा पुष्टि गर्नुभयो । अदालतको आदेश लिएर आउनेहरुको संख्या दिनानुदिन बढ्दै गएको उहाँले जानकारी दिनुभयो । "कानुनको झमेलामा किन पर्नु भनेर धेरैले ५८ वर्षमै अवकाश लिइरहेका छन्। तर कतिपयले प्रदेशको ऐन कार्यान्वयनका लागि भनेर सर्वोच्चबाट अन्तरिम आदेश लिएर आउँछन्। उनीहरुलाई हाजिर गराउनै पर्‍यो", पुडासैनीले भन्नुभयो, "सर्वोच्चले भनेपछि मान्नैपर्ने तर भोलि उनीहरुको निवृत्तीभरण र उपदानको रकम कसरी र के आधारमा टेकेर दिने भन्ने अन्यौल छ। त्यसैले अवकाश पत्र दिने गरिएको छैन ।"

अवकाश पत्र दिँदा दुई वर्षको आर्थिक दायित्व (पेन्सन पट्टा) को समेत कुरा आउने र त्यो कसले बेहोर्ने भनेर प्रष्ट नहुँदा समस्या भइरहेको पुडासैनीको कथन छ । "५८ वर्ष र ६० वर्ष उमेर हुँदा पाउने उपदान र निवृत्तीभरण रकम नै फरक पर्छ। त्यो बीचको आर्थिक



तथा अन्य कामकारवाहीको दायित्व सङ्घीय सरकारले लिने देखिँदैन । निजामती किताबखानामा पेन्सन पट्टा बनाउन जाँदा ५८ वर्षभन्दा माथिलाई चिन्ने अवस्था छैन । त्यसैले हामी द्विविधामा छौँ", सचिव पुडासैनीले रासससलाई सुनाउनुभयो ।

राष्ट्रिय किताबखाना (निजामती) का महानिर्देशक बैकुण्ठनिधि शर्मा विद्यमान ऐनले निजामती कर्मचारीको उमेरहद ५८ वर्षलाई नै मान्ने भएकाले किताबखानाले सोही व्यवस्थाअनुसार काम गर्ने बताउनुहुन्छ। "तोकिएको उमेरहद नाघेरदुई वर्ष बढी सेवा गरेर पाउने थप पेन्सनको कुरा अहिलेको कानुनअनुसार गणना गर्नसक्ने अवस्था छैन । ५८ वर्षको जति हुन्छ, त्यहि आधारमा गणना गर्नुपर्ने हुन्छ," उहाँले भन्नुभयो, "सङ्घीय निजामती सेवा ऐनमार्फत् यो विषयलाई सम्बोधन गरेको खण्डमा केही निर्णय लिन सकिएला । कानुन नबनिसकेको अवस्थामा अहिलेलाई यो मिल्दैन ।"अहिले अदालतको आदेशले काम गरेपनि भोलि त्यो अवधिको सेवा सुविधा र गणना हुनुपर्ने पेन्सनपट्टा नपाएको अवस्थामा दुःख हुनेठानेर केही कर्मचारी भने ५८ वर्षमा नै अवकाश लिइरहेको पनि उहाँको भनाइ छ।

अहिले कर्मचारीले भोगिरहेको यो कानुनी र प्रशासनिकउल्झनबारे सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय भलिभाँती जानकार भएपनि कसरी सुल्झाउने भनेर ठोस निश्कर्षमा पुगिसकेको छैन। सङ्घीय निजामती ऐन नबनिसकेको अवस्थामा अहिले देखिएका

> **मस्यौदाकै रुपमा रहेको यो विधेयक संसदमा दर्तासमेत हुन नसक्दा कर्मचारी प्रशासनले भोगिरहेको यो झन्झट र उल्झन तल्काल समाधान हुन सक्ने देखिँदैन । संघीय निजामती ऐन आएपनि त्यसले ऐन लागु हुनुअघिका विषयबारे बोल्छ कि बोल्दैन भन्ने कुरामा पनि कर्मचारीको चासो र चिन्ता छ ।**

अप्ठेरोलाई कसरी सम्बोधन गर्ने भनेर मन्त्रालयबाट हालसम्म कुनै निर्णय नभएको र मन्त्रालय निर्णय लिन सक्ने अवस्थामा पनि नरहेको सचिव विनोद प्रकाश सिंह बताउनुहुन्छ । "उमेरहद ५८ वर्षभन्दा बढीको पेन्सनपट्टा बनाउने, प्रदेशमा जाँदा पद बढ्ने भन्नेजस्ता सन्दर्भमा मन्त्रालयबाट कुनै निर्णय भएको छैन । त्यो विषयलाई हामीले सम्बोधन गर्नसक्ने अवस्था पनि छैन," उहाँले भन्नुभयो, "सङ्घीय निकायहरुले विद्यमान कानुन बन्दा बाहिरका विषयलाई सम्बोधन गर्दैनन् । जुन प्रदेशले कानुन बनाउँछ, उसैले व्यवस्थापन गर्ने विषय हो । अदालतले आदेश दिएको विषयलाई हेर्ने कुरा अलग छँदैछ ।" सङ्घीय निजामती ऐन बन्नु अगावै प्रदेशहरुले ऐन बनाएको र विद्यमान ऐनभन्दा फरक पर्नेगरी व्यवस्था ल्याएका कारण यस्तो समस्या देखिएको सचिव सिंहको बुझाइ छ । सङ्घीय निजामती ऐन चाँडै ल्याएर अहिले देखिएका समस्या त्यसमार्फत् समाधान गर्न सकिने विकल्प पनि बाँकी रहेको उहाँ बताउनुहुन्छ।

### कर्मचारी व्यवस्थापनमा पनि अन्यौल

उमेर हद मात्रै होइन, प्रदेशमा बेलाबेला उत्पन्न हुने अर्को झमेला हो- प्रदेश सचिव र प्रमुख प्रशासकीय अधिकृतको व्यवस्थापन । प्रदेश निजामती सेवा ऐनको दफा १२३ को सङ्घीय निजामती कर्मचारीसम्बन्धी व्यवस्थामा सम्बन्धित सेवाका कर्मचारी उपलब्ध नभएमा मात्र सङ्घीय निजामती सेवाका कर्मचारीलाई खटाउन सकिने व्यवस्था छ। दफा १२३ (२) मा प्रदेश निजामती सेवाका कर्मचारीहरू प्रमुख सचिव र प्रदेश सचिव पदमा बढुवा नहुञ्जेलसम्मका लागि मात्रै सङ्घबाट खटिएका विशिष्ट श्रेणीकालाई मुख्य सचिव र प्रथम श्रेणीका कर्मचारीलाई मन्त्रालयको सचिवमा कामकाज गराउने भनेको छ । १२३ (४) प्रादेशिक संरचनाभित्रको कुनै कार्यालय वा निकायको कार्यालय प्रमुखको पदमा सरुवा वा पदस्थापन गर्दा प्रदेश निजामती सेवाका कर्मचारीलाई प्राथमिकता दिइने भनिएको छ। तर सङ्घीय ऐन, नियमले भने मुख्य सचिव, प्रदेश सचिव र प्रमुख प्रशासकीय अधिकृत सङ्घबाटै खटाउने व्यवस्था गरेको छ।

यही द्विविधाका कारण समस्या भोग्नेमा हुनुहुन्छ जगन्नाथ जयसवाल । उहाँ वन तथा वातावरण मन्त्रालयका तत्कालीन सचिव विशाल घिमिरेको सरुवा भएपछि विसं २०७९ चैत अन्तिममा निमित्त सचिव र पछि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को निर्णयअनुसार गत भदौ ३० प्रदेश सचिव बन्नुभयो । तर जयसवाललाई सचिव तोकिएको केही महिनामै सङ्घीय सेवाका सहसचिव उद्धवबहादुर घिमिरे वन मन्त्रालयको सचिव हुने गरी सरुवा भएर आउनुभयो ।

प्रदेशले तोकेको सचिवको अर्को व्यवस्था नभएको र केन्द्रबाट कर्मचारी खटी आएपछि मुख्य जिम्मेवारी कसले लिने विषयमा द्विविधा भयो। यो दुविधाका कारण कर्मचारीले केही समय तलबसमेत लिन पाएनन् । तर यही माघ आठ गतेको पत्रअनुसार जयसवाल १० गते मन्त्रालयबाट रमाना लिएर मुख्यमन्त्री कार्यालयमा सरुवा हुनुभएको छ।

"११ औँ तहमा बढुवा भएपछि मेरो पद प्रदेश वन निर्देशक हो। तर सो पद रिक्त राखेर सुरुमा निमित्त र पछि प्रदेश सचिव भनेर मन्त्रालयमा खटाइयो", जयसवालले भन्नुभयो, "मलाई जिम्मेवारी दिइसकेपछि प्रदेश सरकारले बचाउ गर्नुपर्थ्यो या त सङ्घबाट सरुवा भएका कर्मचारी हाजिर नहुँदै मेरो व्यवस्थापन हुनुपर्थ्यो । तर डेढ महिनाभन्दा बढी समयसम्म समस्या भयो । कोष तथा लेखा नियन्त्रक कार्यालयले नयाँ सचिवको हस्ताक्षर चल्ने भए पहिलेको सचिवको के गर्ने? भनेर प्रश्न उठाएपछि मात्रै हतारमा अतिरिक्त समूहमा मुख्यमन्त्री कार्यालय ल्याइएको छ।"

नेपाल मधेशी कर्मचारी मञ्चका महासचिव बेचनकुमार महतोले संविधानले परिकल्पना गरेअनुसार समयमै सङ्घीय ऐन कानुन नआउँदा समस्या भइरहेको गुनासो गर्नुभयो । "प्रदेश सचिव, प्रमुख प्रशासकीय अधिकृत केन्द्रबाट पठाउने प्रावधान छ, तर प्रदेशले पनि आफ्नो कर्मचारी उपलब्ध भएमा सो जिम्मेवारी दिने व्यवस्था गर्‍यो। एक जना मात्रै भएको अवस्थामा त केही छैन तर दुई जना सँगै उपस्थित भएमा त समस्या हुने भयो। त्यही समस्या वन मन्त्रालयमा देखिएपछि केही समय तलब नै दिन सकिएन", महतोले भन्नुभयो। उहाँले नयाँ परिवेशमा बनेका प्रदेश ऐन नियममा नयाँ व्यवस्था गरिएको तर सङ्घीयता कार्यान्वयनमा आएको आठ वर्षसम्म पनि सङ्घीय सरकारले ऐन नबनाएपछि कर्मचारीहरु पीडित भएको बताउनुभयो । "जिम्मेवारी, सरुवा, बढुवालगायत थुप्रै विषयमा कानुन बाझिएका छन्। जे गर्दा पनि समस्या आउने भएपछि कर्मचारीमा नैराश्यता छ। अनि कसरी सेवाप्रवाहमा उत्साह सिर्जना गर्न सकिन्छ ?", उहाँले प्रश्न गर्नुभयो।

मधेश प्रदेशका मुख्य न्यायाधीवक्ता वीरेन्द्रकुमार ठाकुरले प्रदेश सरकार र कर्मचारी प्रशासनले हरेक पाइला-पाइलामा कानुनी उल्झनको सामना गर्नु परिरहेको बताउनुभयो । "प्रदेशले बदलिँदो समयअनुसारका ऐन कानुन बनायो, तर नेपाल सरकारले सङ्घीयतालाई आत्मसात गर्न आनाकानी गरेर समय सापेक्ष कानुन बनाएन", ठाकुर भन्नुहुन्छ, "यसको असर सेवाप्रवाहमा पर्न थालेको छ।"

मुख्यमन्त्री कार्यालयका सचिव पुडासैनीले सङ्घ र प्रदेशको कानुन बाझिएको अवस्थामा व्यवस्थापनमा समस्या हुने गरेको स्वीकार्नु भयो । "केही समयअघि प्रदेशको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा एकैपटक दुई सचिव भएपछि समस्या भयो । स्थानीय तहमा पनि बेलाबेला यस्तै समस्या आउने गरेको हामी सुन्छौ", पुडासैनीले भन्नुभयो, "समयमै सङ्घीय कानुन बनाइएको भए वा कानुनमा एकरुपता भए यस्तो समस्या आउँथेन होला।"

जिम्मेवारी र उमेर हदको समस्या त छँदैछ। बढुवाको विषय पनि त्यत्तिकै पेचिलो बनेको छ। एकातर्फ जसलाई जुन नियममा टेक्दा सजिलो हुन्छ, त्यही नियममा टेकेर बढुवा हुने गरेको र अर्कोतर्फ समायोजन भएर आएका कर्मचारीलाई प्रदेश सरकारले बढुवा गर्दा अहिलेसम्म पनि केन्द्रले कतै मान्यता नदिएको कर्मचारीकै गुनासो छ। सचिव पुडासैनी पनि कर्मचारी बढुवाबारे भन्नुहुन्छ, "उदाहरणका लागि सङ्घबाट दशौँ तह (उपसचिव) मा समायोजन भएर आएको कर्मचारीलाई प्रदेशले ११ औँ तह (सहसचिव) मा बढुवा गर्‍यो र उसको पेन्सन पट्टाका लागि निजामती किताबखाना गइयो भने त्यहाँ उपसचिवलाई मात्रै चिन्ने गरेको छ । त्यसो हुँदा कि त सङ्घीय ऐन नियमअनुसारको सेवासुविधा लिनुपर्ने नभए अदालत नै धाउनुपर्ने समस्या आइरहेको छ।"

प्रदेशमा स्वास्थ्यलगायत विशिष्टकृत सेवा समूहका कर्मचारीको बढुवासम्बन्धी विषय झन् समस्याग्रस्त छ। प्रदेश निजामती सेवा ऐन र नियमावलीमा प्रष्ट व्यवस्था नहुँदा कतिपय अवस्थामा तजबिजी अधिकार प्रयोग गरेर बढुवा गर्ने गरिएको आरोप लाग्ने गरेको छ। यसका उदाहरण हुन्, प्रदेश लोकसेवा आयोगको बढुवा सूचना नं १५/०८०–८१ तथा सूचना नं १९/०८०–८१ अनुसार गत मङ्सिर २१ गते प्रकाशित बढुवा सिफारिस।

विसं २०८० साउन ३२ गतेको सो सूचनाअनुसार स्वास्थ्य सेवाका नवौँ तहमा बढुवा हुने कर्मचारी हुनुहुन्छ कृष्णदेव यादव (क.स.नं २२६०३२) र कुमार मृत्युन्जय प्रसाद (क.स.नं २१४८१३) । कृष्णदेवको जनस्वास्थ्य प्रशासक नवौँ र कुमार मृत्युन्जयको उपप्रमुख मेडिकल ल्याबटेक्निसियन (मे.टे) मा बढुवा भएको सूचनामा उल्लेख छ।

प्रदेश निजामती सेवा ऐनमा स्वास्थ्य सेवाका कर्मचारीको बढुवाका हकमा प्रष्ट व्यवस्था गरेको पाइँदैन । ऐनको दफा ९ को प्रदेश निजामती सेवाको पदपूर्तिसम्बन्धी व्यवस्था (ख) मा प्रदेश स्वास्थ्य सेवातर्फ पनि पदपूर्तिको कुरा उल्लेख छ। त्यसैगरी, दफा ३० को बढुवाका लागि न्यूनतम योग्यताको व्यवस्था गरिएको तर स्वास्थ्यसेवाको हकमा केही कुरा बोलेको छैन । त्यस्तो अवस्थामा विद्यमान नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ र नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ आकर्षित हुनुपर्ने जानकारहरु बताउँछन्।

स्वास्थ्यका जानकार रामविनय साह आवश्यक न्युनतम योग्यताका लागि नेपाल स्वास्थ्य सेवा नियमावली २०५५ को अनुसूची–६ मा उल्लेखित न्यूनतम योग्यता र अनुभव तथा नेपाल स्वास्थ्य सेवा ऐनको दफा १२ आकर्षित हुने बताउनुहुन्छ। "कानुन बाझिएको अवस्थामा विद्यमान सङ्घीय कानुनअनुसार हुने कुरा अनिवार्य व्यवस्था हो तर यहाँ त्यसको पालना भएको देखिँदैन। जसले गर्दा बढुवामा समस्या छ", साहले भन्नुभयो।

नियमावलीको अनुसूची–६ मा हेल्थ इन्सपेक्सन र मेडिकल ल्याब टेक्नोलोजीतर्फ पनि अधिकृत नवौं तहमा बढुवा हुनका लागि कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त हुनुपर्ने भनिएको छ। त्यसैगरी ऐनको दफा १२ मा उमेर, नागरिकता, आचरणलगायतका विषयहरु उल्लेख छन्। तर प्रदेशमा भने अधिकृत नवौंदेखि ११ औँ तहसम्म सबैका लागि स्नातक तह उत्तीर्ण भएपुग्ने भन्दै धमाधम बढुवा भइरहेका छन्।

उल्लेखित विषयमा सरोकारवालासँग बुझ्दा उहाँहरुको एकमत देखिदैन । गृह, सञ्चार तथा कानुन मन्त्रालयका उपसचिव (कानुन) उत्तमप्रसाद खरेल विशिष्टकृत सेवासम्बन्धी प्रदेशको छुट्टै ऐन, नियमावली नआएको अवस्थामा वा सङ्घीय कानुनी व्यवस्थासँग बाझिएको अवस्थामा सङ्घीय कानुन नै मान्य हुने संवैधानिक व्यवस्था नै रहेको बताउनुहुन्छ । "हो, प्रदेश निजामती सेवा ऐन, २०७७ र नियमावली ७९ मा स्वास्थ्य सेवाका कर्मचारीको बढुवाका सम्बन्धमा धेरै कुरा स्पष्ट भनेको देखिँदैन। आफ्नै ऐन, नियम नभए वा कानुन बाझिएमा सङ्घीय कानुनमा टेकेरै काम गर्ने हो। बढुवा समिति त्यसभन्दा बाहिर जान सक्दैन । तपाईँले उठाएको विषयमा पनि सोहीअनुसार भएको होला", खरेलले भन्नुभयो।

त्यसैगरी, मुख्य न्यायाधिवक्ता ठाकुर सङ्घीय सरकारले ऐन, कानुन समयमै नबनाइदिँदा प्रदेश सरकार र मातहतका निकायले गरेका हरेक निर्णयमा अदालत धाउनुपर्ने अवस्था आउने गरेको बताउनुहुन्छ । "सङ्घीय निजामती सेवा ऐन आएको छैन । अरु ऐन, नियम पनि समयसापेक्ष सुधार भएका छैनन्। सङ्घीय व्यवस्थाअनुसार प्रदेश सरकारलाई त अहिलेको व्यवस्थाअनुसारको ऐन, नियम चाहियो नि !", ठाकुरले भन्नुभयो, "तपाईँले उठाउनुभएको विषयको समस्या पनि त्यही हो । प्रदेश र मातहतका निकायले हरेक कुरा नियमभन्दा बाहिर गएर गर्छन् भन्ने भाष्य बन्दैछ। स्वास्थ्य सेवाका कर्मचारीको बढुवाको कुरा पनि त्यही हो। यदि गलत भएको छ भने त कानुनले उजुरबाजुर गर्ने अधिकार दिएकै छ। त्यसको प्रयोग भइरहेकै छ।"

सचिव पुडासैनी स्वास्थ्य सेवाका कर्मचारी वा प्रदेश ऐनले प्रष्ट नभनेका विषयमा सङ्घीय कानुनलाई आधार मान्नुपर्नेमा आफूहरु प्रष्ट रहेको र त्यस्ता बढुवा लोकसेवा तथा सम्बन्धित मन्त्रालयका सचिवलगायतसँग छलफल गरेरै हुने गरेको बताउनुहुन्छ। "स्वास्थ्य सेवाका कर्मचारीको बढुवा गर्दा पनि गम्भीर छलफल भएको छ। नमिलेको अवस्थामा त उजुरी आई नै रहेका छन्। त्यसरी आएमा फेरि छलफल हुन्छ। त्यसमा पनि चित्त नबुझेमा अदालत जाने अभ्यास छँदैछ," पुडासैनीले अगाडि भन्नुभयो।

सङ्घीयता कार्यान्वयनमा आएको छ वर्ष भयो । तर कार्यान्वयनका लागि आवश्यक कतिपय ऐन नियम अहिलेसम्म पनि बनेका छैनन्। जसका कारण प्रदेश तथा स्थानीय तहले आफूखुसी व्याख्या गरेर काम गरिरहेको आरोप छ। प्रदेश सरकार अधिकार लिने कुरामा अगाडि सरे पनि आर्थिक लगायतका दायित्व निर्वाहको कुरा आउँदा पन्छिने पनि गरेको छ। त्यसैकारण ६० वर्षसम्म सेवा गरेर अवकाशमा गएका दर्जनौं कर्मचारीलाई अवकाश पत्र नै नदिँदा सेवासुविधा रोकिएको छ।

### प्रदेशबीच देखिएनएकरुपता

निजामती कर्मचारीको अनिवार्य अवकाश पाउने उमेरहदतोक्दा प्रदेशका ऐनमा समेत एकरुपता देखिँदैन । मधेश, बागमती, गण्डकी र कर्णाली प्रदेशले प्रदेश निजामती कर्मचारीको अनिवार्य अवकाश पाउने उमेर ६० वर्ष राखेका छन् भने कोशी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशले ५८ वर्षलाई नै अवकाश पाउने उमेरहद मानेका छन्।

कोशी प्रदेशले ल्याएको 'प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी भएको अध्यादेशलाई प्रतिस्थापन गर्न बनेको ऐन, २०७९ ले कर्मचारीको उमेरहदका विषयमा सङ्घीय कानुनलाई नै आधार मान्ने उल्लेख गरेको छ । कोशी प्रदेश ऐनको दफा ५७ मा 'सेवा शर्तसँग सम्बन्धित प्रचलित सङ्घीय कानुनले अनिवार्य अवकाशका लागि तोके बमोजिमको उमेर पूरा भएको कर्मचारीले निजामती सेवाबाट अनिवार्य अवकाश पाउने' उल्लेख छ। त्यस्तै, सुदूरपश्चिम प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७९ ले पनि प्रदेश निजामती कर्मचारीको अनिवार्य अवकाश पाउने उमेरहद ५८ वर्ष तोकेको छ।


लुम्बिनी प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८० ले प्रदेश निजामती सेवाका कर्मचारीले ५८ वर्ष उमेर पूरा गरेपछि प्रदेश निजामती सेवाबाट अनिवार्य अवकाश पाउने उल्लेख गरेको छ। तर कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएको स्वास्थ्य सेवाका कर्मचारीहरुको अनिवार्य अवकाशको उमेर हद भने ६० वर्ष हुने ऐनमा उल्लेख छ।

मधेश प्रदेश निजामती सेवा ऐन २०७७ को दफा ५४ ले प्रदेश निजामती कर्मचारीले साठी वर्ष उमेर पूरा भएपछि प्रदेश निजामती सेवाबाट अनिवार्य अवकाश पाउने उल्लेख गरेको छ । बागमती प्रदेशको प्रदेश निजामती सेवा ऐन, २०७९ ले पनि निजामती कर्मचारीले ६० वर्ष पुगेपछि अनिवार्य अवकाश पाउने उल्लेख गरेको छ। गण्डकी प्रदेशको निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७९ ले गण्डकी प्रदेशले भने ऐन लागु भएको मितिले एक वर्षसम्मका लागि ५८ वर्ष, ऐन लागु भएको एक वर्ष अवधि पूरा भएपछिको थप एक वर्षसम्मका लागि ५९ वर्ष र तेस्रो वर्षबाट ६० वर्ष तोकेको छ । त्यसैगरी, कर्णाली प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० ले कर्मचारीको अनिवार्य अवकाशको उमेर ६० वर्ष रहने व्यवस्था गरेको छ।

### उमेरहद ६0 वर्ष बनाउनुपर्ने सुझाव

नेपालको संविधान २०७२ को धारा २८५ को उपधारा १ मा देशको प्रशासन सञ्चालन गर्न सङ्घीय निजामती सेवा र आवश्यकता अनुसार अन्य सङ्घीय सरकारी सेवाको गठन गर्नसक्ने प्रावधान राखेको छ । यस्ता सेवाको गठन, सञ्चालन र सेवाको शर्तसम्बन्धी व्यवस्था पनि सङ्घीय ऐनअनुसार नै हुने संविधानमा उल्लेख छ । सोही धाराको उपधारा ३ मा प्रदेश मन्त्रिपरिषद्, गाउँ कार्यपालिका र नगर कार्यपालिकाले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकताअनुसार कानुन बमोजिम विभिन्न सेवाको गठन गर्नसक्ने उल्लेख गरेको छ। तर सङ्घ सरकारले निजामती सेवा ऐन बनाउन ढिलाइ गर्दा प्रदेश र केही स्थानीय तहले कानुन बनाएर विभिन्न सेवा गठन गरिसकेका छन् । सङ्घीय कानुनको व्यवस्थासँग बाझिएको हदसम्म प्रदेश र स्थानीय तहका कानुन अमान्य हुने भएपनि सङ्घीय कानुन नै नबनेपछि थप कानुनी प्रश्न उब्जिएको छ।

त्यसो त, यसअघि विभिन्न समयमा गठित प्रशासनिक सुधार आयोग तथा समितिहरुले कर्मचारीको उमेरहद बढाउनुपर्ने र विभिन्न सेवा समूहमा एकरुपता कायम गर्नुपर्ने सुझाव दिएका देखिन्छन् । काशीराज दाहालको अध्यक्षतामा गठित उच्चस्तरीय प्रशासन सुधार कार्यान्वयन तथा अनुगमन समितिको प्रतिवेदन २०७६ ले निजामती कर्मचारीको उमेरको हद ६० वर्ष बनाउनुपर्ने सुझाव दिएको थियो। सार्वजनिक निकायमा सेवा प्रवेश र अनिवार्य अवकाश हुने उमेरको हदको एकरुपता कायम गर्नुपर्ने सुझाव पनि दाहाल प्रतिवेदनले दिएको थियो । प्रस्तावित सङ्घीय निजामती सेवाको गठन, सञ्चालन, र सेवाशर्त सम्बन्धमा गर्न बनेको विधेयकको मस्यौदामा पनि निजामती कर्मचारीले ६० वर्ष उमेर पूरा भएपछि अनिवार्य अवकाश पाउने उल्लेख छ । तर, मस्यौदाकै रुपमा रहेको यो विधेयक संसदमा दर्तासमेत हुन नसक्दा कर्मचारी प्रशासनले भोगिरहेको यो झन्झट र उल्झन तल्काल समाधान हुन सक्ने देखिँदैन। सङ्घीय निजामती ऐन आएपनि त्यसले ऐन लागु हुनुअघिका विषयबारे बोल्छ कि बोल्दैन भन्ने कुरामा पनि कर्मचारीको चासो र चिन्ता छ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# कारवाहीमा नियतवस ढिलाइ

वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंह श्रेष्ठ नैतिक पतन भएका नेताको रुपमा पहिचान बनाएका छन्। एउटी पत्नी र छोरा हुँदाहुँदै उनी अर्की श्रीमती लुकाएर राखेको सार्वजनिक भएको छ । कान्छी श्रीमती रिता भट्टराई पट्टी पनि एक पुत्री रहेकी छन् । उनले पुत्रीको वंशजको आधारमा नागरिकता बनाए पछि खोजबिन सुरु भएको थियो । गृहमन्त्रालयको अनुसन्धान टोलीले मेयर सिंहसित वयान लिँदा उनले कान्छी श्रीमती रहेको आधिकारिक रुपमा स्वीकारेका थिए। त्यस अघि उनले सबै सरकारी निकाय, बैंक तथा वित्तीय संघसंस्थाहरुलाई ढाँटेका थिए। मेयर सिंहले आफ्नो व्यक्तिगत विवरणमा एकजना श्रीमती र एकजना छोरा मात्र उल्लेख गरेको देखिन्छ । महानगरपालिकाका मेयरले आमनागरिकलाई ढाँटनु त सामान्य नै होला ? तर सबै सरकारी निकायहरुलाई ढाँटेर व्यक्तिगत विवरण भरेका छन्। एकजना श्रीमतीलाई समेत उनले वर्षौंदेखि लुकाएर राखेका थिए। हुनत श्रीमती सार्वजनिक भएको २४ घण्टा नबित्दै कान्छी श्रीमतीले अंश र सम्बन्ध विच्छेदको मुद्दा हालिसकेकी छन्। हुनत रिता भट्टराईले गरेकी मुद्दा मेयर सिंहलाई नागरिकता प्रकरणबाट जोगाउनका लागि कागजी मात्र हो। तर त्यो मुद्दाले मेयर सिंह र उनकी कान्छी श्रीमतीलाई सरकारी कागजात किर्ते गरेको अचुक प्रमाणको रुपमा छोरी रुवीना श्रेष्ठकी नागरिकताका लागि बनाइएको जन्मदर्ता बनेको छ। किर्ते कागजात तयार गरी रुवीनाको वंशज नागरिकता बनाइएको खुलेको छ। प्रारम्भिक प्रमाणदेखि नै नक्कली, किर्ते कागजात तयार गरेको देखिन्छ। सरकारी कागजात किर्ते गर्नेलाई हदै सम्मको दण्डसजाय छ। किर्ते कागजात तयार गरी वंशजको आधारमा नागरिकता लिएको केही समयपछि नै नागरिकताको प्रतिलिपि झिकेर त्यसको आधारमा पासपोर्ट बनाइएको देखिन्छ । किर्ते जन्मदर्ता बनाउनेदेखि गलत कागजातको आधारमा नागरिकता दिलाउने मेयर सिंहलाई स्थानीय प्रशासनले हालसम्म सशक्त रुपमा अनुसन्धानलाई बढाएर कारबाहीको प्रकृया समेत गर्नु पर्ने थियो । तर मेयरलाई जोगाउन हरसंभव प्रयत्न गरिरहेका छन् । जिल्ला प्रशासन कार्यालयले जिल्ला प्रहरी कार्यालयलाई समयमै पत्रको जवाफ र आवश्यक कागजातहरु समेत उपलब्ध गराइरहेको छैन् । मेयर सिंह निकट मानिने सहायक प्रमुख जिल्ला अधिकारीले सिंह कारबाहीको सूचना चुहाउने गरेको समेत आरोप लागेको छ। मेयर सिंहको प्रभावमा परेर जिल्ला प्रशासन कार्यालयले कारबाही प्रकृयालाई अनावश्यक रुपमा ढिलाई गरिरहेको छ। नागरिकता सम्बन्धी सम्पूर्ण कागजात नै जिल्ला प्रशासन कार्यालयमा रहने गरेको छ। मेयर सिंहलाई नियतवस जोगाउने काममा पर्साका प्रमुख जिल्ला अधिकारी लागेका छन्।

# लागुऔषधको लत्तमा मधेश



प्रिया कर्ण

२७ वर्षीय राजेश (नाम परिवर्तन) अहिले रामो सँग बोल्न सम्म सक्दैनन्। महोत्तरीको बथनाहाका राजेश सात बर्ष अघि सम्म आफनो घर परिवार मात्रैका लागी होईन कि टोल छिमेकमा समेत स्मार्ट कहलिन्थे । तर, अचेल उनी मानसिक रोगी झै देखिन्छन। कारण हो, उनको लागुऔषधको लत्त। हुनत तराई मधेशमा राजेश केवल एक प्रतिनिधि पात्र हुन् । उनी जस्ता सयौँ र हजारौमा होईन कि लाखौमा युवाहरु यो कुलतको शिकार भईरहेको प्रहरी प्रशासनकै तथ्यांकले देखाउछ। यथार्थमा त्यो भन्दा पनि विकराल अवस्था रहेको छ तराई मधेशका समाजमा लागुऔषधको लत्त र यसको प्रभावको।

मधेश प्रदेश प्रहरी कार्यालयको जनकपुरका अनुसार लागुऔषध सहित वा त्यससँग सम्बन्धित कसुरमा दैनिक देशभर सरदर चार सय जना पक्राउ पर्ने गरेको दखिन्छ। जसको ठुलो हिस्सा मधेश बाटै हुने गर्छन। नेपालको बजारमा लागुऔषध प्रतिबन्ध गरिएको भए पनि भारतसँगको खुल्ला सीमानाको फाईदा उठाउँदै सिमावर्ती क्षेत्रमा युवाहरु यसमा बढी लागिपरेको देखिन्छ। राजेश पनि त्यस मै पर्ने गर्छन। महोत्तरीको विभिन्न नाकाहरु बाट पारी प्रवेश गर्दै उनी र उनी जस्ता यस क्षेत्रका कयौँ युवाहरु यस्ता लत्तमा फसेको देखिन्छ । त्यही क्रममा ७ वर्षमा राजेश पटक-पटक प्रहरीको फन्दामा समेत परेका छन । र परिवारले अन्नतह उनलाई सुधारगृह सम्म पुर्याए। राजेश त एक प्रतिनिधि पात्र मात्र हुन्। अहिले महोत्तरीका सीमावर्ती गाउँहरुमामा दोहोरिरहने नियति र दृश्य अनगन्ती छन्। महोत्तरीको भिठ्ठोमोडमा मधेसीसँगै पहाडी मूलका युवाहरूको चहलपहल दिनभर बाक्लै देखिने गरेको त्यहाँका स्थानीयहरू बताउछन्। महोत्तरीको भिठ्ठामोड, सम्सी, मधवापुर सहित मधेस प्रदेशकै सीमावर्ती बजारमा लागुऔषध दुर्व्यसनीको भिड लाग्ने गरेको देखिन्छ। लागु औषध भारतमा प्रतिवन्धित रहे पनि अवैद्ध कारोबारको विगविगी रहेको पाइन्छ। कुनै-कुनै सीमानामा दसगजा वारी मोटरसाइकल राखेर पारी भारत तर्फ रहेका फुसका छाप्रा लागुऔषध प्रयोगकर्ताका ‘अड्डा’ हुन्। त्यहाँ पसेर युवाहरू १०/१५ मिनेटमै फर्किने गरेको नेपालका प्रहरी जवानहरु बताउँछन्।

**१२ वर्षे बालकसमेत ब्राउन सुगर प्रयोगकर्ता** :

मधेस प्रदेशको सिरहाका एसपी टेकुनन्द ईवाका अनुसार सिरहामा मात्रै लागुऔषध मुद्दामा दिनहुँ आधा दर्जनभन्दा बढी व्यक्ति पक्राउ पर्ने गरेको छ। सेवन गरेको तर लागुऔषध बरामद नभएको अवस्थामा सुधार केन्द्रमा राख्ने सर्तमा अभिभावकको जिम्मा लगाउने गरिएको उनी बताउँछन् । ‘मधेस प्रदेशका अन्य जिल्लाको तुलनामा सिरहामा ब्राउन सुगर युजर बढी देखिएको छ । यहाँ त १२/१३ वर्षकै उमेरमा बालकहरूले ब्राउन सुगर युज गरेको पनि पाइयो,’ उनले भने । १६ वर्षमुनिका बालक औषधिसहित पक्राउ परेमा कानुनी दायरामा राखेर बालसुधार गृह पठाउने गरेको उनी बताउँछन्। लागुऔषध नियन्त्रणमा अभिभावकको मुख्य भूमिका हुने बताउँदै एसपी इवाले छोराछोरीको बढ्दो उमेरसँगै आमाबुबाले मित्रवत् रूपमा निगरानी राख्नुपर्ने बताए । नयाँ मुस्कान सुधार गृह जनकपुरधामका सहसञ्चालक एवं पूर्वदुर्व्यसनी रोशनकुमार झाले आफ्नो सुधार गृहमा १५ वर्षमुनिका एक दर्जनभन्दा बढी दुर्व्यसनी सिरहाका रहेको बताए । १० वर्षकै उमेरमा सुधार गृहमा बसिरहेको भन्दै उनले चिन्ता व्यक्त गरे।

**मधेस प्रदेशको कहाली लाग्दो तथ्यांक**:-

मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामले उपलब्ध गराएको तथ्यांकअनुसार विगत ५ वर्षमा ४ हजार ६ सय ६२ जना लागुऔषधसहित पक्राउ परेका छन् । तीमध्ये ३ हजार ३ सय ३१ जनामाथि मुद्दा चलाइएको छ ।कार्यालयका अनुसार सो अवधिमा प्रहरीले १ सय ६५ क्विन्टलभन्दा बढी गाँजा, ३३ किलो अफिम, ४ सय ३२ किलो चरेस, १ किलो हेरोइन, २ लाख ७१ हजार १ सय ९ थान ट्याब्लेट, १६ हजार ४ सय ६५ बोतल कोरेक्सलगायत झोल औषधि, १ लाख ८१ हजार ५ सय ५९ थान इन्जेक्सन बरामद गरेको छ । एक अध्ययनअनुसार नेपालमा लागुऔषध प्रयोगकर्ताको संख्या १ लाख ३० हजार ४ सय २५ रहेको बताउँदै उनले भने, ‘यो संख्या प्रतिनिधिमूलक मात्रै हो। यसमा कुनै घटनामा संलग्न भएको दुर्व्यसनी तथा सुधार केन्द्रहरूको तथ्यांकमा आधारित भएकाले यसको कैयौँ गुणा बढी दुर्व्यसनी तथ्यांकमा समावेश नै हुन नसकेको देखिन्छ । ती मध्ये अधिकांश १५ देखि ३० वर्ष उमेर समूहका युवा हुन्छन ।’ब्युरोको तथ्यांकअनुसार नेपालमा १ लाख २१ हजार ६ सय ९२ जना पुरुष दुर्व्यसनी छन् भने ८ हजार ७ सय ३२ महिला दुर्व्यसनी छन्। कोसी प्रदेशमा २ हजार ७ सय १३ पुरुष र ५ सय ९२ महिला छन। मधेस प्रदेशमा १५ हजार ८ सय ४३ दुर्व्यसनीमध्ये २ सय २० जना महिला दुर्व्यसनको सिकार भएको ब्युरोको तथ्यांकमा छ । त्यसैगरी, बाग्मती प्रदेशमा सबैभन्दा बढी ४६ हजार ४ सय ८० दुर्व्यसनी रहेकामा ५ हजार ६ सय २५ महिला दुर्व्यसनी छन् भने गण्डकीमा ८ हजार ९ सय ५६ दुर्व्यसनीमध्ये ७ हजार ९ सय ६८ पुरुष, लुम्बिनी प्रदेशमा पुरुष र महिला गरी जम्मा २५ हजार ९ सय ३० जना दुर्व्यसनमा फसेको देखिएको छ ।कर्णाली प्रदेशमा भने सबैभन्दा कम दुर्व्यसनी छन्। यहाँ ४३ जना महिला दुर्व्यसनको सिकार भएका छन् भने सुदूरपश्चिममा ३ हजार ८ सय ८ दुर्व्यसनीमध्ये ३ हजार ५ सय ६२ पुरुष छन्। ब्युरो प्रमुख थपलियाका अनुसार आर्थिक वर्ष २०७९/८० मा लागुऔषध मुद्दामा ६ हजार १ सय ८६ जनालाई पक्राउ गरिएको थियो भने ४ हजार १ सय जनालाई मुद्दा चलाइएको थियो। आव २०७८/७९ मा ५ हजार ७ सय ९० जनालाई पक्राउ गरिएकामा ३ हजार ८ सय ५३ जनामाथि मुद्दा चलाइएको थियो भने बाँकीलाई अभिभावकको जिम्मा लगाएर सुधार केन्द्रमा राख्नुपर्ने सर्तमा छाडिएको थपलियाले बताए । त्यस्तै आर्थिक वर्ष २०७८/७९ मा ४ हजार ६ सय २६ जना पक्राउ परेकामा ३ हजार ९ जनामाथि मुद्दा चलाइएको थियो । यो तथ्यांकले प्रत्येक वर्ष लागुऔषध दुर्व्यसनीको संख्या लगातार वृद्धि भएको देखिन्छ ।अहिले देशभरिका प्रहरी कार्यालयमार्फत महिनाको ४ सयभन्दा बढी दुर्व्यसनीहरू पक्राउ पर्ने गरेको बताउँदै थपलियाले भने, ‘मुद्दाको संख्या जेजस्तो देखिए पनि लागुऔषध मुद्दामै पक्राउ पर्नेहरूको संख्या दैनिक सयौँ हुन्छ।’

**६0 प्रतिशतभन्दा बढी कैदीबन्दी लागुऔषध मुद्दाकै**:

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रमुख एसपी प्रकाश मल्लले ४ महिनाभित्रै लागुऔषध मुद्दामा ४ सय ३४ जना पक्राउ परेको बताए। सोमध्ये ३ सयभन्दा बढी महोत्तरी जिल्लाकै रहेको र बाँकी जिल्लाबाहिरका मानिसहरू रहेको उनले बताए। उनका अनुसार जिल्लाका हिरासतमा रहेकामध्ये ६० प्रतिशत थुनुवा लागुऔषध मुद्दाका छन् । त्यस्तै वीरगन्ज कारागारमा रहेका १ हजार १ सय कैदीबन्दीमध्ये ४० प्रतिशत लागुऔषध मुद्दाकै अभियुक्त र आरोपीहरू रहेको प्रहरी नायब उपरीक्षक दिलीप गिरीले बताए। जलेश्वर कारागारका प्रमुख रामचन्द्र साहले कारागारका कैदीबन्दीमध्ये ६० प्रतिशत दुर्व्यसनमै परेर अपराधमा संलग्न भएकाहरू रहेको बताए । ३० देखि ४० प्रतिशत जबरजस्ती करणीका मुद्दामा पनि लागुऔषध सेवन गरेकै कारण अपराध भएको देखिएको बताइन्छ। कारागारमा रहेका ५ सय ६० कैदीबन्दी मध्ये ७९ व्यक्ति लागुऔषध मुद्दामै पुर्पक्षमा छन् भने ३ जना कैदी पनि यही मुद्दाका छन् । जबरजस्ती करणी मुद्दामा कैदी ४ जना छन् भने थुनुवा १ सय १३ जना छन्। तीमध्ये अधिकांशले लागुऔषध सेवन गरेकै कारण जबर्जस्ती करणी गरेको देखिएको छ। कानुन भएर पनि कार्यान्वयनको पाटो कमजोर हुँदा थुप्रै नेपाली युवा लागुऔषधको कुलतमा फँसिरहेका छन् । नेपालको कानुनले नेपालमा लागुऔषध कारोबार, ओसारपसार र सेवनमा प्रतिबन्ध लगाएको छ। तर, भारतमै सेवन गरेर आउनेहरूलाई कुनै कारबाही गर्ने प्रावधान छैन। ‘



भारतीय भूमिमा गएर त्यहीँ सेवन गरी आउनेलाई कुनै कारबाही गर्ने वा त्यस्ता गतिविधि नियन्त्रण गर्ने आधार नै हुँदैन,’ प्रदेश प्रहरी कार्यालय जनकपुरधामका सूचना अधिकारी प्रवीण पोखरेल बताउँछन् । ओसारपसार र कारोबारमा भने सूक्ष्म रूपमा निगरानी गरिरहेको उनी बताउँछन् । ‘हामी युवा लक्षित जनचेतनामूलक कार्यक्रम गरिरहेका छौँ । तर, त्यतिले मात्रै यहाँ यो समस्याको समाधान हुनेवाला छैन ।’ दुर्व्यसनीहरूले कुनै न कुनै माध्यमबाट पैसा जुटाउने र लागुऔषध सेवन गर्न जाने गरेको प्रवक्ता पोखरेल बताउँछन् । अलिकति पैसा जुटाएर जाने, आफू पनि खाने अनि कुनै मौका पाएर नेपाल ल्याउन सके बेचेर पैसा जम्मा पारी पुनः जाने गरेको अनुसन्धान क्रममा पाइएको उनले बताए। उनी भन्छन्, ‘लागुऔषध मुद्दामा काठमाडौँमा पक्राउ परेकाहरूको बयानका आधारमा भारतबाट भित्राइएको ड्रग्स सबै प्रदेशबाट काठमाडौँ पुऱ्याएको पाइयो । तर, मधेस प्रदेश भने लागुऔषध तस्करीको ‘ट्रान्जिट पोइन्ट’ बनिसकेको छ।’

**कसरी फस्छन युवा कुलतमा**

सुधार केन्द्रमा ११ महिनादेखि रिकभरीमा रहँदै आएका पूर्वदुर्व्यसनी राजु साह (परिवर्तित नाम) साथीहरूको लहैलहैमा लागेर दुर्व्यसनको सिकार भएको बताउँछन् । १६ वर्षको कलिलो उमेरमै नसा सेवन गर्न थालेका उनले लगातार १० वर्षसम्म गाँजादेखि नाइट्रोसन ट्याब्लेटमात्र होइन, विभिन्न प्रकारका सिन्थेटिक ड्रग्ससमेत सेवन गरे। ‘उमेरमा नसा सेवन गर्न थालेँ। १० वर्षमा मैले नखाएको/नलगाएको केही छैन।’ आफू पहिलो पटक सुधार केन्द्र आएको भन्दै उनले भने, ‘यहाँ आउँदा मेरो शरीर, अनुहार हेर्नै नहुने भइसकेको थियो। झैझगडा नगरेको दिन हुँदैनथ्यो। पढाइ पनि छाडेँ। परिवारले यहाँ ल्याइदियो। आएको १५ दिनमा मैले पुनर्जीवन पाएँछु भन्ने लाग्यो।’ बिहे गर्ने उमेर भए पनि आफ्नो बानी व्यवहार र कमाइ नभएका कारण समस्या भएको भन्दै उनी सुधार गृहबाट निस्केर जापान जाने तयारीमा रहेको बताउँछन् । विगत एक दशकदेखि लागुऔषधको कुलतमा फसेका गुरु सुवेदी (नाम परिवर्तन) ८ महिनाअघि नयाँ मुस्कान सुधार केन्द्रमा आएका हुन् । उनलाई यहाँ आएको १ महिनासम्म आफूले के गरिरहेको छु भन्ने पनि थाहा हुँदैनथ्यो। सिरहाका १९ बर्से सुवेदीले भने, ‘सुरुमा चुरोट भनेर साथीले दिएको, गाँजा भरेको रहेछ। रमाइलो लाग्यो। त्यसपछि गाँजा खान म आफैँ साथीहरू खोज्दै हिँडेँ। बिस्तारै चरेस र ब्राउन सुगरसमेत प्रयोग गर्न थालेँ। पढ्न काठमाडौँ जाँदा बुबाआमाले दिएको पैसाले किनेर खाएँ। कतिबेला कुलतमा फसेँ, मलाई नै थाहा भएन । ’खासमा रेमिट्यान्सको प्रवाहले पछिल्लो समयमा बढ्दो उपभोक्तावादी अर्थतन्त्रको प्रभावले गर्दा आर्थिक अवस्था उक्लिँदै गएका एउटा वर्गमा खर्च गर्ने मनोविज्ञान बदलिएको छ । ‘ शिक्षाको खस्किँदो स्तर र खेलकुदको अधोगतिले गर्दा समेत लागुपदार्थको दुर्व्यव्यसन युवामा बढेको देखिन्छ । आफु पढ्न नसकेर गल्फमा दुःख गर्नु परो। सन्तानको भविष्य राम्रो होस् को चाहनामा दुःखले आर्जेको पैसा पढाईमा खर्चिन तत्पर अभिभावकको लगानी शिक्षा र खेलकुदको आधारभूत इन्फ्रास्ट्रक्चरको अभावमा यसको दुरुपयोग लागुऔषधमा हुने गरेको भन्छन’,- सामाजिक अध्येता मोहन यादव । यसकै कडीमा मानसिक रोग विशेषज्ञ डा. रोविन झा थप्छन :- ‘ मध्यम तथा उच्च मध्यम वर्गमा ‘अहिले आमाबुबा दुवै व्यस्त हुन्छन् । छोराछोरीको सुपरभिजन हुन सक्दैन। उनीहरू एक्लोपन मेट्न पनि यता लाग्ने गरेको पाइएको छ ।’यस्तै, कतिपय फिल्ममा लागुऔषध प्रयोगका सिन हुन्छन् । त्यस्तोमा बालबालिकाले आफूले रोलमोडल मानेको हिरो/हिरोइनले सेवन गरेको चिज सेवन गर्न थाल्ने उनको भनाइ छ। कुनै व्यक्ति उदास (डिप्रेस्ड) छ, एन्सियस एन्जाइटिक छ, साइकोसिस छ, तिनीहरूले आफ्नो उदासी हटाउने सहाराका रूपमा लागुऔषध सेवन गर्ने गरेको पनि उनले बताए।

**मानसिक रोगको सिकार**

लागुऔषध दुर्व्यसनीको संख्या लगातार बढ्दै गएसँगै मानसिक रोगीको संख्यामा समेत स्वाभाविक रूपमा वृद्धि भइरहेको छ । ६० देखि ७० प्रतिशत लागुऔषध दुर्व्यसनी मानसिक रोगको सिकार हुने सम्भावना रहेको बताउँछन्- डा. झा। ९/१० वर्षको उमेरमा पनि १० देखि ११ वटासम्म ट्याबलेट खाने गरेको अवस्था रहेको भन्दै अहिले पनि सुधार केन्द्रमा यस्ता बालक रहेको उनी बताउँछन् । एक तथ्यांक अनुसार नेपालमा लगभग ३० लाख लागुऔषध प्रयोगकर्ता रहेको उनी बताउँछन् । ‘३० लाखमध्ये ३० देखि ४० प्रतिशत इन्जेक्टिभ ड्रग्स प्रयोगकर्ता छन्,’ उनले भने, ‘मधेस प्रदेशको कुरा गर्ने हो भने अधिकतम अल्कोहल (मदिरा), क्यानाभिस, गाँजा, भाङ, निकोटिन र नाइट्राइजिकन ट्याबलेट युज गर्ने धेरै छन् । सस्तो र सबै ठाउँमा सजिलै उपलब्ध हुने भएकाले यो कमन भइसकेको छ ।’‘ लागुऔषध प्रयोगकर्ता र लागुऔषध ओसारपसार तथा बेचबिखन गर्ने दुवैलाई जेलमै राख्ने कानुनी व्यवस्था छ। तर, यो पनि एउटा मानसिक समस्या हो र यसको उपचार गर्न सकिन्छ भन्ने हाम्रो सरकारको सिस्टममा छैन।,’ उनले भने-’ केही दिनको सुधारका लागि होइन कि दुर्व्यसनीलाई आर्थिक, सामाजिक रूपमा पुनर्स्थापित गर्ने कार्यक्रमसहितको सुधार गृहको आवश्यकता छ।’ चिन्ता व्यक्त गर्दै डा. झा भन्छन :- ‘मैले यस्तो यस्तो बिरामी देखेको छु कि एक पटक मात्रै गाँजा सेवन गरेको युवा साइकोसिस नामक मानसिक रोगको सिकार भएको छ। त्यसैले लागुऔषध दुर्व्यसनी एक न एक दिन मानसिक रोगको सिकार हुन्छ नै,’।

# माओवादी केन्द्रको केन्द्रीय समिति बैठकले जगाएका आशा र अनुत्तरित प्रश्न



निर्मल आचार्य

२०७९ साउन १७ देखि २१ सम्म माओवादी केन्द्रको आठौं केन्द्रीय समितिको चौथो पूर्ण बैठक बसेको थियो। विभिन्न अन्योल र निराशाको बिचबाट गुज्रिरहेको माओवादी आन्दोलनमा कहिं न कहिं ब्रेक थ्रुको जरुरी थियो । पछिल्लो सरकार गठन र यसले चालेका सु-शासनको अभियानको रापतापका बीचमा सञ्चालित चौथो बैठकले केही रक्तसञ्चार गर्यो।

जनतासँग माओवादी विशेष रूपान्तरण अभियानको नाममा विशेष अभियान सुरु गर्ने दूरगामी निर्णय भयो। तर पनि अभियानको सफलताको विषयमा सबै आश्वस्त नभइसकेको अवस्था थियो । अध्यक्ष प्रचण्ड सहित सबै केन्द्रीय तहका नेतृत्व वडा स्तरमा पुग्ने निर्णयलाई अविश्वसनीय मानियो । फेरि पनि अध्यक्ष कमरेडको स्पिरिटमा सिङ्गो केन्द्रीय समिति पूर्ण सहमत भयो। सिंगो हलले अभियानलाई पूर्णतः सफल पार्ने प्रतिबद्धता व्यक्त गर्यो।

तयारीको काम पूरा गरी गत भदौ १६ मा देशव्यापी सबै ६७४३ वडामा अभियान उदघाटन गर्ने लक्ष्य लिइयो । सबै वडामा नभए पनि बहुमत वडामा अभियानको उत्साहजनक उद्घाटन भयो । अध्यक्ष प्रचण्ड नै वडामा सहभागी भई अभियानमा सहभागी हुँदा देशव्यापी रूपमा एउटा सकारात्मक ऊर्जा पैदा भयो। अभियान सफलताको मियो गाडियो। देशव्यापी उत्साहको लहर पैदा भयो।

अभियानको बीचमा नेपाली समाजमा मनाइने महत्वपूर्ण चाडपर्व परे । समय कम हुने महसुस गरी अभियानमा एक महिना थप गरियो। केन्द्रीय पदाधिकारी, केन्द्रीय सदस्य र प्रदेश पदाधिकारीलाई अन्तरजिल्ला र प्रदेश सदस्यहरूलाई अन्तर पालिकामा जिम्मेवारी दिइएको अभियानले देश र प्रवासमा समेत ठूलै हलचल ल्याइदियो।

नेपाली समाजमा जबर्जस्त रूपमा स्थापित माओवादी सकियो, बिग्रियो, हुँदैन भन्ने जस्ता भाष्यका बीचमा अभियान अगाडि बढ्यो। बिस्तारै टोल बस्तीमा बसेका कार्यकर्तामा उत्साह पैदा हुन थाल्यो ।पार्टी संगठनको चुस्तताको लागि विधान अधिवेशनको आधार तयार भएको छ र त्यो जनयुद्ध दिवस फागुन १ गतेकै दिन सुरु भएको छ।

अभियान रफ्तारमा बढ्दै गर्दा एकातिर सरकारले चालेका सु-शासनका कदमले उत्साह थप्यो भने अर्कोतिर विभिन्न अभियोग र आरोपमा माओवादी आन्दोलनमा सहभागी नेता कार्यकर्ताको नाम जोडिंदा बीचमा केही शिथिलता आयो।

यो विरोधाभाष अवस्थालाई साम्य पारी जिल्लामा अभियानलाई निरन्तर दिन निकै नै अप्ठ्यारो परेको कुरा यो पङ्क्तिकारले पनि प्युठान जिल्लाको अभियान इन्चार्जको रूपमा खट्दै गर्दा महसुस गरेको हो। फेरि विभिन्न उपायले माहोल बनाउँदै अभियान अगाडि बढ्यो ।अभियानका क्रममा मूलतः चार प्रवृत्ति देखिए। पहिलो, अभियानमा दिलोज्यानले खट्ने, दोस्रो अधा मनले खट्ने, तेस्रो खट्दै नखट्ने र चौथो अभियानलाई सक्रिय असहयोग गर्ने । यो अवस्थाको बीचबाट अभियान मूलभूत रूपमा सफल भयो । अभयिानले एकातिर माओवादी सकिएको होइन फेरि जाग्यो भन्ने सन्देश गएको छ भने पार्टीभित्र खट्ने र नखट्ने नेता-कार्यकर्ताको पहिचान भएको छ।

अभियानले पार्टी निर्माणको नयाँ आधार तयार बनाएको छ । समाजवादका लागि नयाँ आन्दोलनको अभियानको आधार तयार भएको छ भने विचार संश्लेषणको लागि विशेष महाधिवेशनको मजबुत आधार पनि तयार भएको छ। पार्टी संगठनको चुस्तताको लागि विधान अधिवेशनको आधार तयार भएको छ र त्यो जनयुद्ध दिवस फागुन १ गतेकै दिन सुरु भएको छ ।शान्ति प्रक्रियामा आएदेखि माओवादीले एकअर्कालाई आरोप र प्रत्यारोप लगाउने काम निकै नै भयो । माओवादीहरू आधुनिक यदुवंशी जस्ता देखिए । अहिले अध्यक्ष प्रचण्डले आह्वान गर्नुभएको छ कि आरोप प्रत्यारोप मात्र होइन, गहन छलफल गरौं र काम पनि गरौं। लामो समयपछि गम्भीर छलफल र काम सँगै गर्ने परिपाटीको सुरुवात भएको छ। यो निकै नै सुखद पक्ष हो।

काम र कुरा सँगसँगै अघि बढाउने बलियो आधार पाँचौं केन्द्रीय कमिटीको निम्न निर्णयलाई लिन सकिन्छ। यो निर्णय माओवादी आन्दोलनमा अर्को कोशेढुंगा सावित हुनेछ ।अभियानमा १०० प्रतिशत खट्नेलाई बधाई पत्र, ६० भन्दा बढी ९० प्रतिशतसम्म खट्नेलाई धन्यवाद पत्र, १५ देखि ६० प्रतिशत खट्नेलाई सतर्कता पत्र। १५ प्रतिशतभन्दा कम खट्नेलाई- स्पष्टीकरण पत्र र कारबाही। यो निर्णय पक्कै पनि दूरगामी महत्वको हुनेछ।

माघ २८ र २९ गते काठमाडौंमा बसेको केन्द्रीय समितिको पाँचौं पूर्ण बैठकले अभियानलाई राजनैतिक, सांगठनिक र वैचारिक रूपमा निरन्तरता दिने पनि निर्णय गरेको छ । राजनीतिक रूपमा तराई मधेस केन्द्रित अभियान, हिमाल-पहाड-तराई जोड्ने अभियान, ठूला सहरहरूमा विशेष सम्बन्ध सुधार अभियान सन्चालन गर्ने निर्णय भएको छ भने विचार संश्लेषणको अभियानका लागि सेल, टोल, वडा, पालिका सम्मेलन गर्दै समयमै विशेष महाधिवेशन गर्ने निर्णय भएको छ।

अभियायानको मूल स्पिरिट बहसबाट बहससम्म होइन, मर्यादित छलफल गर्दै काम पनि समयमै सम्पन्न गर्ने भन्ने रहेको छ। अभियानको लक्ष एक्लै चुनाव लड्ने तयारी र समाजवादको आधार तयार पार्ने भन्ने रहेको छ ।पछिल्लो समयमा माओवादी आन्दोलनको मूल समस्याको रूपमा संगठनात्मक समस्या देखापर्न आएको छ । कमिटीहरूको संख्या, कार्यक्षेत्र, जिम्मेवारी, मूल्याङ्कन, पुरस्कार र दण्डको विधि पूरै हराएको छ। यद्यपि जनयुद्ध दिवसको पूर्वसन्ध्यामा बसेको केन्द्रीय समितिको पाँचौं पूर्ण बैठकले केही आशा थपिदिएको छ। तर पनि केही प्रश्नहरू अनुत्तरित नै छन्।

तल कोही बस्न नमान्ने, माथि फेरि कोचाकोच गर्ने। यो विरोधाभाष अन्त्य गर्न जरुरी छ। सेल, टोल, वडा, पालिका, जिल्ला, प्रदेश हुँदै केन्द्रीय महाधिवेशनमा जाँदा पुनः पुरानो रोग उब्जने छ । सबैले प्रदेश र केन्द्र ताक्ने । नपाउँदा वा निर्वाचित हुन नसक्दा पुनः भागडौड मच्चिने समस्या आउने छ ।यसको समाधानका लागि कि त विधानमा किटान भएको संख्या अनुसार आयोजक कमिटी बनाउने, नभए माथिबाट अधिवेशन गर्दै तल जाने। यदि यसो गर्न सकिएन भने पुरानै रोग बल्झिने छ र फेरि विधान मिच्ने प्रक्रिया सुरु हुनेछ। यदि यसो भयो भने यो दुर्भाग्यपूर्ण हुनेछ।

आशा गरौं, उचित निकाससहित वस्तुवादी निर्णय हुनेछ। संगठनमा परेको यो मस्के गाँठोलाई सही तरिकाले फुकाउन सके माओवादीलाई कसैले रोक्न सक्दैन। अन्यथा यही संगठनात्मक मस्के गाँठो गलपासोमा रूपान्तरण हुनेछ र माओवादीलाई कसैले बचाउन सक्ने छैन। विधान अधिवेशनमा यो यक्ष प्रश्नको जवाफ खोज्न सके मात्र माओवादीकै नेतृत्वमा समाजवादको यात्रा सम्भव हुनसक्छ ।(आचार्य माओवादी केन्द्रको केन्द्रीय सदस्य तथा दाङ जिल्ला इन्चार्ज हुन्।)

# नेपाल-न्युजिल्याण्ड द्विपक्षीय बैठक

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल र न्युजिल्याण्डबीच परराष्ट्रमन्त्रीस्तरमा द्विपक्षीय बैठक भएको छ। परराष्ट्रमन्त्री नारायणप्रकाश साउद र न्युजिल्याण्डका उपप्रधान एवं परराष्ट्र तथा उद्योगमन्त्री विन्स्टन पिटर्ससँग आज वेलिङ्टनमा पारस्परिक हित र चासोका विषयमा छलफल गरेका हुन् ।

बैठकमा दुवै पक्षले दुई देशबीच विद्यमान सुमधुर सम्बन्धप्रति सन्तुष्टि जनाउँदै आपसी हितका विभिन्न क्षेत्रमा सहयोग बढाउनेबारेमा छलफल गरेका यानबेरास्थित नेपालको राजदूतावासले जनाएको छ।

बुधबारनै मन्त्री साउदको सम्मानमा मन्त्री पिटर्सले दिवाभोजको आयोजना गरे । त्यसअघि मन्त्री साउदले न्युजिल्याण्डको प्रतिनिधिसभामा भएको प्रश्नोत्तर सत्रको अवलोकन गरेका थिए । संसद्मा नेपालका परराष्ट्रमन्त्रीको उपस्थितिलाई सभामुख गेरी ब्राउन्लीले स्वीकार गरेका थिए । न्युजिल्याण्डस्थित नेपालका अवैतनिक दूत तथा वेलिङ्टनमा रहेका नेपालीको आयोजनामा भएको छलफलमा मन्त्री साउद तथा उहाँ नेतृत्वको प्रतिनिधिमण्डल सहभागी भएको थियो।



त्यसअवसरमा न्युजिल्याण्डमा रहेका नेपालीलाई राहदानी, कन्सुलर सेवालगायत सेवा प्रवाह गर्ने, न्युजिल्याण्डमा नेपालीले सिकेका सीप, ज्ञान र विशेषज्ञतालाई नेपालको विकासमा उपयोग गर्नेसम्बन्धमा छलफल भएको उक्त दूतावासले जनाएको छ।

त्यसअघि नेपाल-न्युजिल्याण्ड परराष्ट्र मन्त्रालय परामर्श बैठक भएको थियो । बैठकमा नेपाली पक्षको नेतृत्व परराष्ट्र मन्त्रालयका सहसचिव रीता धिताल र त्यहाँको परराष्ट्र मन्त्रालयको दक्षिण तथा दक्षिणपूर्वी एसियाका विभागीय निर्देशक जोन्ना केम्केर्सले न्युजिल्याण्डको नेतृत्व गर्नुभएको थियो।

बैठकमा द्विपक्षीय सम्बन्धका सबै विषयमा विचार आदानप्रदान हुनका साथै दुई देशबीच आर्थिक-सांस्कृतिक साझेदारीका माध्यमबाट आपसी सहयोगलाई अझ सघन तुल्याउने सम्बन्धमा छलफल भएको थियो। परराष्ट्रमन्त्री नेतृत्वको प्रतिनिधिमण्डल यही फागुन ३ गते स्वदेश फर्कने कार्यक्रम छ।

# पार्टी छरितो र क्रियाशील बनाउन सुझाव

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (माओवादी केन्द्र) को विधान अधिवेशनमा पार्टीलाई सङ्घीयताको मर्मअनुसार सञ्चालन गर्दै पार्टीलाई छरितो एवं क्रियाशील बनाउनुपर्ने सुझाव प्राप्त भएको छ।

आफ्नो समूहबाट सुझाव पेश गर्ने क्रममा माओवादी नेता हिमाल शर्माले पदाधिकारीसहित प्रत्यक्ष निर्वाचनबाट चयन गर्नुपर्ने व्यवस्था गर्नुपर्ने सुझाव दिए । पार्टी र राजकीय नियुक्तिमा आलोपालोको व्यवस्था गर्नुपर्ने उल्लेख गर्दै उनले प्रदेशलाई थप अधिकार दिनुपर्ने सुझाव सरकारलाई पेस गर्नुपर्ने सुझाव दिनुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । अर्का नेता दिलीपकुमार प्रजापतिले पार्टीलाई जनतासमक्ष लैजान नयाँ विधानले सहयोग गर्ने विश्वास व्यक्त गरिएको उल्लेख गर्दै जातीय छुवाछूतलाई गम्भीर अपराधको रुपमा राख्नुपर्ने सुझाव पेस गरे । केन्द्रीय सदस्यको संख्या सकेसम्म कम गर्नुपर्ने सुझाव दिँदै उनले पूर्णकालीन पार्टी सदस्यको स्पष्टरुपमा व्यवस्था गर्नुपर्नेमा जोड दिए।

त्यसैगरी कुमार पौडेलले पार्टीलाई विधिगतरुपमा सञ्चालनका लागि विधानलाई पारित गरेर कार्यान्वयनमा लैजान सुझाव दिए । पार्टीले सत्ता सञ्चालन गर्नुपर्ने व्यवस्था विधानमा गर्नुपर्ने सुझाव दिँदै उनले घाइते तथा पूर्वजनमुक्ति सेनालाई विशेष व्यवस्था गर्नुपर्ने बताए । पर्शुराम रम्तेलले पार्टी एकता, आन्तरिक मूल्याङ्कन र मनोनयनलाई व्यवस्थित गर्नुपर्ने र छुवाछूतलाई गम्भीररुपमा लिने व्यवस्था




गर्नुपर्ने सुझाव पेस गरे। छलफलका क्रममा चुनाव चिह्न फेर्नुपर्ने सुझाव प्राप्त भएको उल्लेख गर्दै उनले विश्वभरका नेपालीलाई समेट्ने व्यवस्था गर्नुपर्ने सुझाव दिए।

बामदेव क्षेत्रीले विधानलाई छरितो बनाउन सुझाव दिँदै प्रदेश र स्थानीय पार्टी समितिलाई कार्यकारी बनाउने गरी विधान संशोधन हुनुपर्ने बताए । उनले पार्टीका सदस्यभन्दा पनि पार्टी शुभचिन्तकको अध्यक्षमा अनुशासन समिति बनाएर शक्तिशाली बनाउनुपर्ने सुझाव पेस गरे । हरिराज अधिकारीले चुनाव चिह्न बदल्नुपर्ने सुझाव प्राप्त भएको उल्लेख गर्दै नागरिकता पाएपछि पार्टीको सदस्या प्राप्त गर्ने व्यवस्था बनाउनुपर्ने सुझाव पेस गरे । उनले आयोगलाई शक्तिशाली बनाउनुपर्ने र सबै पार्टी समितिलाई छरितो बनाउनुपर्ने सुझाव दिए। रञ्जित तामाङले यही अधिवेशनबाट पार्टी विधान पारित गरेर कार्यान्वयनमा ल्याउनुपर्ने सुझाव प्रस्तुत गर्दै आयोगलाई क्रियाशील बनाउनुपर्ने बताए । उनले सरकार र पार्टीलाई समावेश गरेर सत्ता सञ्चालन समन्वय समिति बनाउनुपर्ने सुझाव पेस गरे । त्यस्तै नेता झक्कुप्रसाद सुवेदीले वैज्ञानिक समाजवादमा जाने गरी प्रस्तावना लेखिनुपर्ने बताउँदै जातीय छुवाछूतलाई गम्भीररुपमा लिनुपर्ने सुझाव दिए । उनले नागरिकता पाएपछि पार्टी सदस्य दिनुपर्ने व्यवस्था गर्न र स्थायी समिति हटाउन सुझाव प्राप्त भएको उल्लेख गरे। निर्मल आचार्यले अनलाइनमार्फत पार्टी सदस्यता नवीकरण गर्नुपर्ने व्यवस्था गर्न र पार्टीलाई प्रविधियुक्त बनाउन सुझाव पेस गरे । उनले स्थायी समितिलाई विधानमा राख्न नपर्ने सुझाव रहेको उल्लेख गर्दै पार्टीलाई पार्टी संरक्षक समिति बनाउनुपर्ने बताए । ओम शर्माले प्रस्तावनालाई चुस्त बनाउनुपर्ने र पार्टीको नाम फेर्नुपर्ने सुझाव आएको उल्लेख गर्दै प्रत्यक्ष निर्वाचन गर्ने व्यवस्था गर्नुपर्ने बताए।

उनले केन्द्रीयसहित सबै समितिलाई छरितो बनाउन एवं जननियन्त्रित पार्टी र पार्टी नियन्त्रित सरकार बनाउनुपर्ने बताए। हालसम्म १० समूहले विधानमाथि सुझाव पेश गरिसकेका छन्। मङ्गलबारदेखि प्रज्ञा प्रतिष्ठानमा सुरु भएको अधिवेशनमा सहभागीलाई विभिन्न २० समूहमा विभाजन गरिएको छ।

# सरकार र संसद्को तौरतरिका पुरानै ढाँचाको : सांसद घर्ती

**टुडे समाचारदाता**

> जो मन्त्री भयो उसैको जिल्लामा विकास निर्माणका कामलाई तीव्रता दिने संस्कार अझै पनि हामीले तोड्न सकेका छैनौं ।



काठमाण्डु । सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न संविधानको परिधिभित्र रहेर सबै जिम्मेवार पक्ष एकताबद्ध हुन जरुरी छ । जनताको प्रतिनिधित्व गर्ने सर्वोच्च निकाय प्रतिनिधिसभामा सांसद आफ्नो जिम्मेवारी बहन गर्न सदा तत्पर र अडिग रहनुपर्छ। राष्ट्र र जनता केन्द्रित भई सांसदले आफ्ना भूमिका निर्वाह गर्नुको विकल्प छैन।

अहिले राजनीतिक नेतृत्व, कार्यकर्ताको भनाइ र गराइबीचको तादाम्यता कहीँकतै नमिलेजस्तो अनुभूति भइरहेको छ। हामी जे गर्न सक्छौं, त्यही बोल्नुपर्छ । पछिल्लो समय सरकारले गरेका राम्रा कामलाई सम्मान गर्नैपर्छ। राम्रोलाई राम्रो भन्न हिच्किचाउनुपर्छ जस्तो मलाई लाग्दैन । पछिल्लो समय सरकार भ्रष्टाचारविरुद्ध जुन ढङ्गले अगाडि बढिरहेको छ त्यो निकै सराहनीय छ । सुशासन कायम गर्ने प्रयत्न गरिरहेको छ। जनतालाई सुशासनको अनुभूति दिलाउन सरकारमात्र नभई राजनीतिक दल, सरोकारवाला निकाय, सञ्चारमाध्यमलगायत एकजुट हुनु आवश्यक छ। राष्ट्रको हितमा एकताबद्ध भएमा मात्र सुशासन कायम गर्न सकिन्छ।

एक वर्षको समीक्षा गर्दा यो अवधिलाई मैले सिकाइका रूपमा लिएको छु। संसद्भित्र सांसदको मुख्यतः दुईवटा अभिभारा रहेको हुन्छ । एउटा विधेयक निर्माणमा सहभागी हुनु र अर्को विकास निर्माणका काममा सहजीकरण गर्नु। निर्वाचनका अवधिमा मतदातासमक्ष विकास निर्माणका सन्दर्भमा व्यक्त गरेका प्रतिबद्धता पूरा गराउनेतर्फ अग्रसर हुने दायित्व पनि हामीमाझ छ । कानुन निर्माण प्रक्रियामा सांसदको अनिवार्य उपस्थिति रहन्छ। तर अघिल्लो अधिवेशनमा विधायिकी काममा अलि कम ध्यान पुग्यो कि भन्ने मलाई लागेको छ।

संसद्को चालु हिउँदे अधिवेशन विधेयक अधिवेशनको रूपमा सफल होस् । संसद्लाई पर्याप्त काम (बिजनेस) दिने सरकारको दायित्व हो । यसमा सरकार कति सफल हुन्छ पर्ख र हेरको अवस्थामा छौं । सङ्घीयता कार्यान्वयन, सङ्क्रमणकालीन न्यायजस्ता महत्त्वपूर्ण विधेयकमाथिको छलफललाई प्रभावकारी बनाउन सांसदले अध्ययन, अनुसन्धानलाई सशक्त बनाई थप क्रियाशील हुन आवश्यक छ।

जनताका आवाजलाई मुखरित गर्ने थलो हो संसद्। मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा आइपुग्दासमेत हाम्रो काम गर्ने तौरतरिका पुरानै ढाँचाको देख्छु । कतिपय सन्दर्भमा संसद् प्रति सरकारको जवाफदेहिताको कमी भएको छ । प्रतिपक्षको भूमिकामा समेत केही कमी-कमजोरी रहेका छन् । संसद्लाई प्रभावकारीरूपमा सञ्चालन गर्न सांसद आफ्नो भूमिकाप्रति संवेदनशील बन्नुपर्यो । जनताले निर्वाचित गरेका जनप्रतिनिधि कानुन निर्माणसँगै जनताका समस्यालाई नजिकबाट बुझ्ने प्रयास पनि गर्नुपर्छ।

पछिल्लो समय अध्ययन तथा रोजगारीका लागि युवाको विदेश पलायन भयावह छ । मुलुकका युवा जनशक्तिको व्यवस्थापन गर्न सरकारले ठोस नीति र कार्यक्रम ल्याउन ढिला गर्नु हुँदैन। राजनीतिक परिवर्तनसँगै युवालाई देशभित्रै सोहीअनुरुपको वातावरण सिर्जना गर्न सकेनौं । प्रचुर सम्भावना रहेको कृषि, व्यावसायिक काममा जनतालाई आकर्षित गर्न सकेनौं । कृषिप्रधान देशमा समृद्ध नेपालको सपनालाई साकार गर्न कृषि नीतिले वास्तविक किसानलाई प्रवर्द्धन गर्न सकेको छैन । कृषि नीतिलाई मात्र नयाँ आधारमा समसामयिक बनाउन सकेमा मात्र केही हदसम्म युवालाई देशभित्रै काममा उन्मुख गराउन मद्दत पुग्दछ । बाह्य मुलुकमा बगाएको नेपाली पसिना स्वदेशमा सदुपयोग गर्न कृषि क्षेत्रलाई आधुनिकीकरण गरी व्यवसायिकतातर्फ उन्मुख गराउन आवश्यक छ।

सङ्घीयताले जन्माएको कान्छो जिल्ला रुकुमपूर्व हो मेरो निर्वाचन क्षेत्र। यो धरातलीयरूपमा हिमाली जिल्ला र भौगोलिक हिसाबले विकट जिल्लाको रूपमा चिनिन्छ। निर्वाचनको समयमा जनतामाझ यस क्षेत्रको विकास र समृद्धिका लागि गरेका वाचालाई साकार पार्ने अनुकूल वातावरण निर्माण हुनसकेको छैन । मुलुकको भौगोलिक बनावटअनुसार नीति-निर्माण गरी कार्यान्वयन गर्नुपर्ने हो तर तराईका फाँटमा लागू हुने विद्यालयका मापदण्ड, विकासका मानकहरू हिमाली जिल्लालाई पनि सोही आधारमा मापन गरिन्छ, जुन निकै अव्यवहारिक छ।

मेरो निर्वाचन क्षेत्रले प्रशासनिक सङ्घीयता अझै पनि प्राप्त गर्न सकेको छैन। राजनीतिक सङ्घीयता ल्याएका छौं। प्रशासनिक सङ्घीयता पूर्णरूपमा अझै पनि ल्याएका छैनौं। रुकुमपूर्वको ३१ वडामध्ये करिब २२ वडामा सचिव छैनन्। अझै कर्मचारी व्यवस्थापन गर्न सकिराखेका छैनौं। केही पालिकामा कार्यकारी अधिकृत नै छैनन्।

जो मन्त्री भयो उसैको जिल्लामा विकास निर्माणका कामलाई तीव्रता दिने संस्कार अझै पनि हामीले तोड्न सकेका छैनौं। यस क्षेत्रका जनताले विकास निर्माणको जुन अपेक्षा गरेका थिए। सोहीअनुरुपको बजेट विनियोजन हुनसकेको छैन। अपेक्षा गरौं आगामी दिनमा यस्ता समस्या निराकरण हुँदै जानेछन् । विधायिकी कामको सिलसिलामा मेरो भूमिकाप्रति मतदाता सन्तुष्ट छन् भन्ने अपेक्षा छ।

**सांसद घर्तीको परिचय**

सांसद पूर्णबहादुर घर्ती नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) मा आबद्ध छन् । लुम्बिनी प्रदेश, रुकुमपूर्व-१ बाट उनी प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित भएका हुन् । विसं २०४१ देखि राजनीतिमा प्रवेश गरेका नेता घर्ती विसं २०५६ मा नेकपा (माओवादी केन्द्र) केन्द्रीय समितिमा निर्वाचित भएका थिए । साथै उनी विसं २०६५ देखि २०६६ सम्म नेपाल टेलिभिजनको बोर्ड अध्यक्षसमेत रहेका थिए। सङ्घीयता कार्यान्वयनको पहिलो कार्यकालमा उनी लुम्बिनी प्रदेशको पहिलो सभामुख थिए।


**मधेश प्रदेश सरकार**
**खेलकुद तथा समाज कल्याण मन्त्रालय**
**व्यावसायिक तथा सीप विकास तालीम केन्द्र**
**जनकपुरधाम, धनुषा**

(सूचना प्रकाशित मिति २०८०।११।३)

व्यावसायिक तथा सीप विकास तालिम केन्द्र जनकपुरको मिति २०८०।१०।०८ गते प्रकाशित आशयपत्र पेश गर्ने सूचना अनुसार पेश भएका आशयपत्रहरु मध्ये बारबर, स्काभेटर अपरेटर, बाख्रापालन, फिसियरी टेक्निसियन, बार टेन्डर र केयर गिभर विषयमा पर्याप्त मात्रमा आशयपत्र पेश हुन नआएकोले CTEVT बाट सम्बन्धन प्राप्त गरेका विगत ३ वर्ष देखि समान प्रकृतिका काम सम्पन्न गरेका तालिम प्रदायक फर्म, वा कम्पनीहरुले दर्ता प्रमाण पत्र, मु.अ.क मा दर्ता प्रमाण पत्रको प्रतिलिपि आ.व.०७९।०८० सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिको नोटरी समेत गराई यस तालिम केन्द्रबाट रु १०००। तिरि प्राप्त हुने आशय पत्र भरी सूचना प्रकाशित भएको मितिले ७ दिन २०८०।११।९ गते कार्यालय समयमा आशयपत्र दर्ता गराउन हुन संबन्धित सबैको जानकारीको लागी अनुरोध छ।



**मुखियापट्टी मुसहरनिया गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**तुलसियाही जब्दी, धनुषा, मधेश प्रदेश**

**सेवा करारमा शिक्षक पदपूर्ति सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मितिः- २०८०/११/०२गते)

यस गाउँपालिकालाई शिक्षण अनुदान अन्तर्गत तपसिलका पदमा पालिका शिक्षक सेवा करारमा पदपुर्ति गर्न आवश्यक भएकोले उल्लेखित योग्यता पुगेका उम्मेदवारहरुलाई यो विज्ञापन प्रकाशित भएको मितिले १५ (पन्ध्र)दिन भित्र रीतपुर्वक दर खास्त दिनका लागि सूचित गरिन्छ।

**तपसिलः**

| क्र.सं. | विज्ञापन नं. | तह | विषय | न्यूनतम शैक्षिक योग्यता | संख्या |
|---|---|---|---|---|---|
| १ | ३९/०८०/०८१ | माध्यमिक तह (कक्षा ११-१२) | शिक्षा | सम्बन्धित विषयमा स्नातकोत्तर तह उतीर्ण गरेको रसामुदायिक उच्च मा.शि.व्यवसथापन निर्देशिका २०७१ संशोधन अनुसार योग्य भएको। | १(एक) |
| २ | ४०/०८०/०८१ | माध्यमिक तह (कक्षा ९-१०) | नेपाली | सम्बन्धित विषयमा स्नातक तह उतीर्ण गरेको तर सामाजिक विषयको उम्मेदवार हुनका लागि शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ। | २(दुई) |
| ३ | ४१/०८०/०८१ | | अंग्रेजी | | ३(तीन) |
| ४ | ४२/०८०/०८१ | | गणित | | ३(तीन) |
| ५ | ४३/०८०/०८१ | | विज्ञान | | ३(तीन) |
| ६ | ४४/०८०/०८१ | | सामाजिक शिक्षा | | २ (दुई) |
| ७ | ४५/०८०/०८१ | | लेखा | | १(एक) |
| ८ | ४६/०८०/०८१ | आधारभुत तह (कक्षा ६-८) | नेपाली | सम्बन्धित विषयमा प्रवीणता प्रमाण पत्र तह उतीर्ण गरेको। | २(दुई) |
| ९ | ४७/०८०/०८१ | | अंग्रेजी | | ३(तीन) |
| १० | ४८/०८०/०८१ | | गणित | | १(एक) |
| ११ | ४९/०८०/०८१ | | विज्ञान | | २(दुई) |
| १२ | ५०/०८०/०८१ | | सामाजिक शिक्षा | | २(दुई) |
| १३ | ५१/०८०/०८१ | आधारभुत तह (कक्षा १-५) | | कुनै पनि संकायमा प्रवीणता प्रमाण पत्र तह उतीर्ण गरेको। | १०(दस) |

**योग्यता र आवश्यक कागजातहरुः-**

१. **उमेर** :- शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ।
२. **छनौट प्रक्रिया** :- लिखित परीक्षा, अन्तरवार्ता र प्रयोगात्मक।
३. **पाठयक्रम** :- शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ।
४. **दरखास्त दिने स्थान** :- आवेदनको ढाँचा www.mukhiyapattimusaharmiyamun.gov.np वाट डाउनलोड गरी गाउँकार्यपालिकाको कार्यालय वा इमेल ठेगाना mmrmmun@gmail.com मा वा गउँपालिकाको वेवसाइटवाट गुगल मार्फत फर्म भरी आवेदन दिन सकिनेछ।
५. **दरखास्त दस्तुर**:-माध्यमिक तह शिक्षक (कक्षा ९-१२ )सम्मका लागि रु.१४००/-,आधारभुत तह शिक्षकका (६-८) का लागि रु. १०००।- र आधारभुत तह (कक्षा १-५) सम्मका लागि रु.५००/- मात्र प्रभु बैंक लिमिटेड, मुखियापट्टी शाखामा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. १४८०१३४५३१७००१४३ वा गाउँपालिकाको राजश्व खातामा समेत दस्तुर बुझाउन सकिनेछ।
६. **निर्वाहसुविधाः**- गाउँ पालिकाको निर्णय अनुसार।
७. विज्ञान विषयको हकमा अध्यापन अनुमति पत्र भएको फारम पेश नभएमा अध्यापन अनुमतिपत्र नभएपनि समावेश गराउने, अध्यापन अनुमतिपत्र पेश गरेको खण्डमा प्राथमिकता दिईने छ।
८. **आवेदन तथा संलग्न गर्नु पर्ने कागजातहरुः**- आवेदकले कागजात पेश गर्दा नोटरी पब्लिकवाट प्रमाणित गराई उल्लेखित कागजातहरुका प्रतिलिपि पेश गर्नु पर्ने हुन्छ।

| | |
|---|---|
| १. नागरिकता प्रमाणपत्रको प्रतिलिपी | २. दुई प्रति पासपोर्ट साइजको फोटो |
| ३. चारित्रिक प्रमाणपत्र | ४. शैक्षिक योग्यताको प्रमाणपत्र |
| ५. शिक्षण पेशाको अनुभव खुल्ने प्रमाणपत्र | ६. स्थायी अध्यापन अनुमति प्रमाणपत्र |

९. यस सूचनामा उल्लेख नभएका कुरा तथा नियुक्ति सम्बन्धमा अन्तिम निर्णय गाउँपालिकाको हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

# अमेरिकी सदनका नेताद्वारा युक्रेनको सहयोग अस्वीकार

**एएफपी**

वासिङ्टन । अमेरिकी प्रतिनिधि सभाका सभामुखले रूसी नेता भ्लादिमिर पुटिनविरुद्ध उभिनका लागि युक्रेनलाई युद्ध सहायता प्रदान गर्न आवश्यक रहेको अमेरिकी राष्ट्रपति जो बाइडेनको आग्रहलाई बेवास्ता गर्दै मङ्गलबार युक्रेनका लागि युद्ध सहायता रोक्नुभएको छ।

आगामी नोभेम्बरमा हुने राष्ट्रपतीय निर्वाचनमा बाइडेनका सम्भावित प्रतिद्वन्द्वी डोनाल्ड ट्रम्पसँग निकट रहेर काम गर्ने सभामुख माइक जोनसनले आफूले विधेयकमाथिको मतदानलाई अगाडि बढाउने कुनै मनसाय नरहेको बताउनुभएको छ। "मैले पक्कै पनि दिने छैन," उहाँले भन्नुभयो।

उक्त विधेयक मङ्गलबार सिनेटमा पारित भएको थियो । यसमा मुख्यतया पश्चिमसमर्थक युक्रेनको सुरक्षाका साथै इजरायल र ताइवानको शीर्ष अमेरिकी रणनीतिक प्राथमिकताहरूको लागि ९५ अर्ब अमेरिकी डलरको कोष समावेश छ।ह्वाइट हाउसमा बाइडेनले अमेरिकी सहयोगी राष्ट्रलाई सहयोग गर्नु र विशेषगरी युक्रेनले दुई वर्षदेखि जारी रूसी आक्रमणलाई रोक्न सङ्घर्ष गरिरहेको अवस्थामा सहयोग गर्नु आधारभूत जिम्मेवारी भएको बताउनुभएको छ।

"इतिहासले चिहाइरहेको छ," बाइडेनले टेलिभिजनमा पाँच पटक उक्त वाक्यांश दोहोऱ्याउँदै भन्नुभयो । "यो विधेयकको समर्थन गर्नु पुटिनको विपक्षमा उभिनु हो । यसको विरोध गर्नु पुटिनको हातमा खेल्नु हो," डेमोर्क्याटिक पार्टीका नेता तथा अमेरिकी राष्ट्रपति बाइडेनले भन्नुभयो।पूर्व राष्ट्रपति ट्रम्पले आर्थिक प्रतिबद्धता पूरा गर्न असफल भएका नेटो सदस्यराष्ट्रहरूमाथि आक्रमण गर्न रूसलाई प्रोत्साहित गरेपछि राष्ट्रपति बाइडेनले ट्रम्पको पनि आलोचना गर्नुभएको थियो।



राष्ट्रपति बाइडेनले भन्नुभयो, "भगवान्लाई साक्षी राखेर बोल्नुपर्छ, बास्तवमा यो मूर्ख र लाजमर्दो कुरा हो । यो खतरनाक छ। यो गैर-अमेरिकी निर्णय हो," बाइडेनले भन्नुभयो । "दुई पटक महाभियोग लागेका ट्रम्पले पश्चिमी सैन्य गठबन्धनलाई 'प्रोटेक्सन ऱ्याकेट'का रूपमा हेर्नुभएको छ। उहाँले थप्नुभयो, "अमेरिकी इतिहासमा कुनै पनि राष्ट्रपतिले रूसी 'अधिनायकवाद'सामु झुकेका छैनन् ।"संसद् (अमेरिकी कङ्ग्रेस) मा रहेको अस्तव्यस्तताका कारण युक्रेनलाई दिने अमेरिकी सहयोग महिनौंदेखि ठप्प भएको छ भने युक्रेनी नेताहरूले बढ्दो रूसी आक्रमणको सामना गर्न मद्दतको याचना गरिरहेका छ।

सिनेटको ९५ अर्ब डलरको प्याकेजमा इजरायली सेना र ताइवानका लागि आर्थिक सहयोग समावेशगरिएकोछतर६०अर्बअमेरिकी डलरको ठूलो हिस्साले युक्रेनलाई गोलाबारुद आपूर्ति, हतियार र अन्य महत्वपूर्ण आवश्यकताहरूको पुनः भण्डारण गर्न मद्दत गर्नेछ ।केही रिपब्लिकनहरूले ट्रम्पको पर्दा पछाडिको चालबाजीलाई अस्वीकार गरेपछि यो सिनेटमा सजिलै पारित भएको थियो।

तर जोनसनले मेक्सिकोको सीमापार संयुक्त राज्य अमेरिकामा अवैध आप्रवासन रोक्न कडा नयाँ उपायहरू बिना युक्रेनको सुरक्षालाई सम्बोधन गर्न नसक्ने बताउनुभएको छ । उहाँले भन्नुभयो, "हामी वास्तवमा यो सीमामा नियन्त्रण प्राप्त गर्न अमेरिकी जनताप्रति ऋणी छौं।"वास्तवमा, दशकौंमा सबैभन्दा कठोर नयाँ अमेरिकी सीमा सुरक्षा उपायहरू लागू नगरिकन विदेशी सहायता प्रदान गर्न सिनेटमा डेमोर्क्र्याटहरूले पहिले नै रिपब्लिकनहरूसँग मिलेर संयुक्त विधेयक तयार गर्न सहकार्य गरिसकेका छन्।

उक्त विधेयक सिनेटमा अनुमोदनका लागि राखिएको थियो तर जोनसनले सदनमा यसलाई रोक्ने घोषणा गर्नुभएको छ। यसले सिनेटलाई उक्त संस्करणलाई त्याग्न र मङ्गलबारको नयाँ विदेशी सहायता-मात्र विधेयकमा प्रवेश गराउन उत्प्रेरित गरेको थियो। यसलाई जोनसनले फेरि एक पटक अस्वीकार गर्नुभएको छ । गत चुनावमा पराजित भए पनि रिपब्लिकन पार्टीमा प्रभुत्व जमाएका र अहिले चार वटा छुट्टाछुट्टै मुद्दामा ९१ वटा आपराधिक मुद्दा खेपिरहेका ट्रम्पले यो अवधिभरि नै कङ्ग्रेसको लगाम खिच्न सफल हुनुभएको छ।

उहाँले युक्रेनलाई रूसविरुद्धको लडाईंमा सहयोग गर्ने कुराको विरोध गर्दै आफू निर्वाचित भएमा एक दिनमै युद्धको वैकल्पिक समाधान गर्ने बताउँदै आउनुभएको छ। उहाँले सांसदहरूलाई अमेरिकी सीमा सुधारसम्बन्धी विधेयकलाई पारित नगर्न खुलेआम अह्वान गर्नुभएको छ । बाइडेनले ट्रम्पले सीमा विवादलाई राजनीतिक प्रहारका रुपमा प्रयोग गरेको आरोप लगाउनुभएको छ।

# कुवेतलाई हराउँदै नेपाल सेमिफाइनलमा



**टुडे समाचारदाता**

काठमाण्डु । कुवेतलाई हराउँदै नेपाल एसिसी महिला प्रिमियर कप क्रिकेट प्रतियोगिताको सेमिफाइनमा प्रवेश गरेको छ।

मलेसियाको क्वालालाम्पुर स्थित वाइएसडी युकेएम क्रिकेट मैदानमा बुधबार भएको खेलमा नेपालले कुवेतलाई आठ विकेटले पराजित गर्दै सेमिफाइनलमा पुगेको हो । टस जितेर पहिला ब्याटिङ रोजेको कुवेतले नेपाललाई ७४ रनको लक्ष्य दिएको थियो।

ब्याटिङगर्नेक्रममावर्षालेखेल प्रभावित बनेको थियो। नेपालले १२ ओभरमा ५० रन बनाउनु पर्ने लक्ष्य पाएकामा ६ दशमलव ५ ओभरमा दुई विकेट गुमाउँदै लक्ष्य पूरा गऱ्यो । नेपालको जितमा कप्तान इन्दु बर्माले सर्वाधिक २२ रन बनाइन्। उनले २१ बलमा एक चौकाको साहयताले अविजित २२ रन बनाएकी हुन् । त्यस्तै सीता रानामगरले १७ रन जोडिन् भने कविता जोशीले अविजित ४ रन बनाइन्। बलिङतर्फ कुवेतकी मारयाम ओमरले एक विकेट लिइन्।

यसअघि कुवेतले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै ७३ रनको योगफल बनाएको थियो । कुवेतका लागि प्रियदा मुरलीले सर्वाधिक २९ रनको योगदान दिइन्। उनले ३३ बलमा तीन चौका र एक छक्काको मद्दतमा २९ रन बनाएकी हुन् । त्यस्तै खादिजा खालिल र सान्थी बलासुब्रमानीले समान १३/१३ रन जोडे। कुवेतलाई ७३ रनमा समेट्नेक्रममा नेपालकी सीता राना मगरले ह्याट्रिक विकेट लिइन् भने रुबिना क्षेत्री र कविता कुँवरले समान दुई/दुई विकेट लिए।

नेपाल समूह 'डी' को विजेता तथा कुवेत समूह 'ए' को उपविजेताका रूपमा क्वाटरफाइनलमा प्रवेश गरेका हुन्। नेपालले समुह चरणको खेलमा हङकङ, भुटान र माल्दिभ्सलाई पराजित गरेको थियो।

यो जितसँगै सेमिफाइनल खेलमा नेपालले आयोजक मलेसियाको सामना गर्नेछ।प्रतियोगिताको फाइनलमा पुग्ने दुई टोलीले आगामी सेप्टेम्बरमा आयोजना हुने एसिया कप क्रिकेटमा सहभागिता जनाउन पाउनेछन्।

# अष्ट्रेलियामा करिब दुई लाख घरमा विद्युत् सेवा अवरुद्ध

**एएफपी**

मेलबर्न । शक्तिशाली आँधीका कारण पूर्वी अस्ट्रेलियामा एक लाख ७४ हजार घर तथा व्यवसायमा क्षति पुगेको अधिकारीहरूले बुधबार बताएका छन्।

भिक्टोरिया राज्यको ठूलो भूभागमा मङ्गलबार खराब मौसमका कारण १५० किलोमिटर प्रतिघण्टा (९० माइल प्रतिघण्टा) भन्दा बढीको हुरी चलेको राज्य सरकार र आपतकालीन सेवाहरूले बताएका छन्।भिक्टोरिया प्रहरीले एक विज्ञप्ति जारी गर्दै ५० वर्षीय एक डेरी किसानको छतमा काम गर्ने क्रममा उडेको भग्नावशेषले किचेर मृत्यु भएको जनाएको छ।

आँधीका कारण मेलबर्नको पश्चिममा रहेको ग्रामपियन क्षेत्रमा पनि डढेलो लागेको र एउटा सानो सहरका केही घर टहरा जलेर नष्ट भएको राज्यको अग्नि नियन्त्रण प्राधिकरणले जनाएको छ।अष्ट्रेलियाली इन्धन बजार



सञ्चालकका अनुसार आँधीका कारण शुरूमा पाँच लाख ३० हजार घर परिवार तथा व्यवसाय विद्युत्विहीन बनेका छन्। बुधबार दिउँसोसम्म पनि करिब एक लाख ७४ हजार घर परिवार विद्युत् सेवाबाट बञ्चित भएको बताइएको छ।

प्राधिकरणले भनेको छ, "व्यापक क्षतिको मात्रालाई ध्यानमा राख्दै प्रभावित सबैलाई पुन : विद्युत सेवा सञ्चालन गर्न केही दिन लाग्न सक्ने देखिन्छ ।"हावाहुरीले घरका छाना उडाएको, रुख र बिजुलीका खम्बाहरू ढलाएको सञ्चारमाध्यम र सामाजिक सञ्जालमा शेयर गरिएका तस्वीर हरूमा देखिएको छ । राज्यको ऊर्जा प्राधिकरणका अनुसार ढलेको ट्रान्समिसन टावरका कारण भिक्टोरियाको सबैभन्दा ठूलो बिजुली जेनेरेटर लोय याङ ए बन्द भएको छ भने यसलाई अहिले ग्रिडमा पुनः जडान गर्ने काम भइरहेको छ।

भिक्टोरियाका ऊर्जामन्त्री लिली डी एम्ब्रोसियोले भन्नुभयो, "यो राज्यको इतिहासमा सबैभन्दा ठूलो विद्युत सेवा अवरोध घटनामध्ये एक हो ।भिक्टोरिया राज्यका आपतकालीन व्यवस्थापन आयुक्त रिक नुगेन्टले चट्याङका कारण भिक्टोरियामा 'धेरै पटक आगलागी' भएको बताउनुभयो । नुगेन्टले पत्रकार सम्मेलनमा भन्नुभयो, "अति प्रभावित ग्रामपियन क्षेत्रमा आगोको ज्वालाले पोमोनलमा 'धेरै आवासीय घरहरू' जलाएको छ। ती घरहरूमा सयौं बासिन्दाहरू बसोबास गर्दै आएका थिए।

मेलबर्नको द एज पत्रिकामा प्रकाशित एक रिपोर्टअनुसार कति घरमा क्षति भयो भन्नेबारे अहिले नै भन्न सकिने अवस्था नरहेको राज्यका अग्निनियन्त्रक अधिकारीलेबताएकाछन्।भिक्टोरियाली अधिकारीहरूले राज्यभर डढेलो र मौसमको चेतावनी कम गरिएकाले विद्युत आपूर्ति सुचारु गर्न र आगलागीबाट भएको क्षतिको पूर्ण मात्रा पत्ता लगाउन काम गरिरहेको बताएका छन्।

# बन्धकका परिवार न्याय खोज्दै आईसीसीमा

**एएफपी**

जेरुसेलम। गाजामा बन्धक बनाइएका करिब १०० परिवारका प्रतिनिधिले हमासविरुद्ध अन्तर र्ष्ट्रिय फौजदारी अदालतमा 'मानवताविरुद्धको अपराध' को मुद्दा दायर गर्न बुधबार हेग पुगेका छन्।

इजरायली अधिकारीहरूका अनुसार हमासको नेतृत्वमा प्यालेस्टिनी लडाकुहरूले अक्टोबर ७ मा इजरायलमाथि आक्रमण गर्दा करिब २५० जनालाई अपहरण गरेका थिए, जसमध्ये करिब १३० जना अझै गाजामा बन्धक बनाइएका छन् । तीमध्ये २९ जनाको मृत्यु भएको अनुमान गरिएको छ।

"यो हाम्रो कथा मात्र होइन । यदि हामीले यसलाई रोकेनौं भने भोलि यो सारा विश्वको कथा हुनेछ," गाजामा बन्धक बनाइएका मध्येका एक व्यक्तिका आफन्त ओफ्री बिबासले भन्नुभयो । "सम्पूर्ण मानव जातिले एक विश्वव्यापी 'आतङ्कवादी सेना' बिरूद्ध एक साथ उभिनु पर्छ, यसमा हमास उसको अभियानको एक इकाई मात्र हो," हेगको लागि उडान भर्नुभन्दा केही मिनेट अघि उहाँले भन्नुभयो । 'होस्टेज एण्ड मिसिङ फ्यामिलीज फोरम' का हेम रूबिनस्टाइनले अभियान समूहले हमासका नेताविरुद्ध आइसिसीमा मुद्दा दायर गर्ने बताउनुभयो।

रुबिनस्टाइनले तेल अभिभ नजिकै बेन गुरियन विमानस्थलबाट टेलिभिजनमा प्रसारण गरिएको भिडियो सन्देशमा भन्नुभयो, "हामी बन्धकका परिवार हौं र हामी भयानक नारकीय अवस्थाबाट गुज्रेका छौं र अझै पनि गुज्रिरहनुपर्ने बाध्यता देखिएको छ।" उहाँले भन्नुभयो, "हामी हमासका सदस्य र तिनका सहयोगीहरूविरुद्ध मुद्दा दायर गर्नेछौं र उनीहरूले मानवताविरुद्धको अपराधका लागि सबैभन्दा ठूलो मूल्य चुकाउनु पर्ने सुनिश्चित गर्नेछौं ।"इजरायलको आधिकारिक तथ्याङ्कका आधारमा एएफपीले सार्वजनिक गरेको तथ्याङ्कअनुसार अक्टोबर ७ मा भएको हमासको आक्रमणका कारण इजरायलमा करिब एक हजार १६० जनाको मृत्यु भएको थियो।

इजरायलको स्वास्थ्य मन्त्रालयका अनुसार इजरायलमा भएको आक्रमणमा परी कम्तीमा २८ हजार ४७३ जनाको मृत्यु भएको छ। मृतकमध्ये अधिकांश महिला र बालबालिका रहेका छन्।बन्धक बनाइएका परिवारले इजरायली अधिकारीहरूलाई बाँकी बन्धकहरूको रिहाईका लागि दबाब दिइरहेका छन् ।इजरायलका गुप्तचर प्रमुख डेभिड बार्नेयाले मङ्गलबार इजिप्टको राजधानीमा सिआइएका निर्देशक विलियम बर्न्सलाई भेटेर गाजामा युद्ध रोक्ने कतारी मध्यस्थताको योजनाबारे छलफल गर्नुभएको थियो।

कतारका प्रधानमन्त्री र इजिप्टका अधिकारीसमेत सम्मिलित उक्त वार्ता इजरायलले दक्षिणी शहर रफाहमा स्थलगत आक्रमण गर्नुअघि युद्धविरामको लागि तीव्र प्रयासको एक भाग हो । यस क्षेत्रको आधाभन्दा बढी जनसङ्ख्या पलायन भएको छ ।नरसंहार, युद्ध अपराध र मानवताविरुद्धको अपराधजस्ता गम्भीर अपराधको अनुसन्धानका लागि आइसिसी विश्वको एक मात्र स्वतन्त्र अदालत हो।

अदालतका मुख्य अभियोजक करिम खानले सोमबार गाजामा रहेका सबै बन्धकहरूलाई रिहा गर्न आह्वान गर्दै रफाहमा इजरायलको सम्भावित आक्रमणबारे चिन्ता व्यक्त गर्नुभएको थियो । खानले एक्स (ट्वीटर)मा भन्नुभएको छ, "गाजामा भएका घटनाहरूको बारेमा आफ्नो कार्यालयको अनुसन्धानलाई 'अति तात्कालिकताको रूपमा अगाडि बढाइएको छ।"



## Invitation for Bids

**Madhesh Province Government**

**Madhesh Institute of Health Sciences**

**Provincial Hospital**

**Madhesh Province**

**Janakpurdham, Dhanusha**

**Date of publication: 15 February 2024**

**Invitation for Bids No: MP/MIHS/NCB/GOODS-3/2080-81**

1. The Madhesh Institute of Health Sciences, Provincial Hospital invites electronicbids from eligible bidders for the procurement of Aama Surakshya Programme Medicine and Surgical Goods under National competitive bidding – Single Stage Two Envelope procedures.
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 23 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents from PPMO eGP system www.bolpatra.gov.np/egp
4. Bidder must submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document NRs.3000/-in the following Rajaswa (revenue) account as specified below.

   **Information to deposit the cost of bidding document in Bank:**

   **Name of the Bank:** Rastriya Banijya Bank

   **Name of Office:** Madhesh Institute of Health Sciences, Provincial Hospital

   **Office Code no.:** 3700517012

   **Office Account no.:** 1000100200010000

   **Rajaswa (revenue) Shirshak no.:** 14229
5. Pre-bid meeting shall be held at Madhesh Institute of Health Sciences, Provincial Hospital, Janakpurdham at 01:00 PM on 6 March 2024.
6. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 noon on 17 March 2024. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 01:00 PM on 17 March 2024 at the office of Madhesh Institute of Health Sciences, Provincial Hospital, Janakpurdham Dhanusha. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs.4,50,000/-, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 120 days)
8. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
9. The evaluation will be done on unit rate and the contract will be awarded to the bidder offering the lowest price of the individual commodities.

**Hospital Director**

# दश मेगावाटसम्मका आयोजनाको पिपिए खुलाउने निर्णय




**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल विद्युत् प्राधिकरणले दश मेगावाटसम्मका जलविद्युत् आयोजनाको विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) खुल्ला गर्ने निर्णय गरेको छ। गत माघ २४ मा बसेको प्राधिकरण सञ्चालक समितिको ९६३औँ बैठकले १० मेगावाटसम्मका नदी प्रवाही (आरओआर) र अर्धजलाशययुक्त (पिआरओआर) जलविद्युत् आयोजनासँग पिपिए खुलाउने निर्णय गरेको हो ।

दश मेगावाटसम्मका जलविद्युत् आयोजनाको विद्युत् 'लेउ या तिर' (टेक अर पे) प्रावधानका आधारमा खरिद गरिने प्राधिकरणले जनाएको छ । आयोजनाको विद्युत् सुक्खायाम (मङ्सिर १५ देखि जेठ १५ सम्म) आठ रुपैयाँ ४० पैसा र वर्षायाम (जेठ १६ देखि मङ्सिर १५ सम्म) का लागि चार रुपैयाँ ८० पैसामा खरिद गरिनेछ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले दश मेगावाटसम्मका आयोजनामा उत्पादन समिश्रण (जेनेरेसन मिक्स) का आधारमा तय गरिएको पिपिए सीमा (कोटा) लागू नहुने व्यवस्था गरिएको बताए। स्थानीय प्राकृतिक स्रोतको अधिकतम प्रयोग र स्वदेशी साना लगानीकर्ताको लगानीलाई जलविद्युत् क्षेत्रमा प्रोत्साहन गर्न यस्तो निर्णय गरिएको उहाँले जानकारी दिए। "कोटाका कारण दश मेगावाटसम्मका जलविद्युत् आयोजनाको पिपिए हुन सकिरहेको थिएन । अब दश मेगावाटसम्मका आयोजनालाई उक्त कोटा लागू नहुने भएकाले जहिले र जति क्षमताको भए पनि पिपिए गर्न सकिन्छ। यसले स्वदेशी साना लगानीकर्तालाई प्रोत्साहन गर्ने छ", कार्यकारी निर्देशक घिसिङले भने, "अब ग्रिड आवद्ध सम्झौता (ग्रीड कनेक्सन एग्रिमेन्ट) भएका र हुने दश मेगावाटसम्मका जलविद्युत् आयोजनाको पिपिए जति र जहिलेपनि गर्ने छौँ ।"

हालसम्म दश मेगावाटसम्मका ८९ आयोजनाले पिपिएका लागि प्राधिकरणमा निवेदन दिएका छन् । आयोजनाको क्षमता तीन सय ५१ मेगावाट छ। त्यसमध्ये, एक सय ९५ मेगावाटका ४४ आयोजनासँग ग्रिड आवद्ध सम्झौता सम्पन्न भइसकेको छ । आगामी दश वर्षमा उत्पादन गरिने १५ हजार मेगावाटको लक्ष्यलाई आधारमानी विद्युत् प्रणालीमा जलाशययुक्त आयोजनाको २५ प्रतिशत, अर्धजलाशययुक्त आयोजनाको ३० प्रतिशत र नदी प्रवाहमा आधारित आयोजनाको ४५ प्रतिशत अंश रहने गरी उत्पादन समिश्रण तय गरिएको थियो। सोही आधारमा पिपिएको सीमा तय गरिएको थियो । आरओआर आयोजनाका लागि तय गरिएको अर्थात् छ हजार सात सय ५० मेगावाट सीमा पूरा भइसकेकाले १० मेगावाटसम्मका आयोजनाको समेत पिपिए हुन सकिरहेको थिएन। दश मेगावाटसम्मका अधिकांश आयोजना आरओआर छन् । प्राधिकरणले हालसम्म नौ हजार दुई सय मेगावाटको पिपिए गरिसकेको छ।

### बढेको क्षमताको विद्युत् किन्ने

प्राधिकरण सञ्चालक समितिले पिपिए भइसकेका जलविद्युत् आयोजनाको क्षमतावृद्धि गरिएमा थप हुने विद्युत् खरिद गरिदिने निर्णयसमेत गरेको छ। प्राधिकरणले आयोजनाको जडित क्षमता २५ प्रतिशतसम्म वृद्धि भएमा पिपिएको सीमा लागू नहुने निर्णय गरेको हो। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आयोजनाको डिजाइन परिवर्तनलगायतका कारण जडित क्षमताको २५ प्रतिशतसम्म अभिवृद्धिबाट उत्पादन हुने विद्युत् 'लिउ वा तिर' प्रावधान राखी पिपिए संशोधन गरिने बताए । "२५ प्रतिशतसम्म क्षमता अभिवृद्धि भएमा 'लिउ वा तिर' र त्यसभन्दा बढी भएमा पुरानै 'लिउ र तिर'को व्यवस्था लागू हुन्छ । हाल गरिएको व्यवस्थाले आयोजनाको क्षमता अभिवृद्धि हुनुका साथै आयोजनालाई लगानी जुटाउनसमेत थप सहज बनाउने छ", घिसिङले भने।

### सौर्य ऊर्जाको सीमा बढ्यो

त्यस्तै, प्राधिकरणले सौर्य जलविद्युत् आयोजनासँग गरिने पिपिएको सीमासमेत बढाएको छ। प्राधिकरणले सौर्य आयोजनाहरुको पिपिए प्रतिस्पर्धाबाट गर्दै आएको छ।

प्राधिकरणले हाल कायम रहेको जडित क्षमता र पिपिए भइसकेका आयोजनाहरुलाईसमेत समावेश गर्दा हुने राष्ट्रिय ग्रिडको कुल क्षमताको १० प्रतिशतसम्मको सीमामा रहेर प्रतिस्पर्धाका आधारमा सौर्य ऊर्जाको पिपिए गर्ने छ । यसअघि राष्ट्रिय ग्रिडको जडित क्षमताको १० प्रतिशतसम्ममा सीमामा रहेर सौर्य आयोजनाहरुको पिपिए हुँदै आएको थियो ।सौर्य आयोजनाको विद्युत् प्रतिशपर्धाबाट खरिद गर्न प्रति युनिट पाँच रुपैयाँ ९४ पैसा अधिकतम आधार दर तय गरिएको छ। प्रतिस्पर्धामा उक्त दरभन्दा जसले कम कबोल गर्छ त्यही आयोजनासँग पिपिए गरिने प्राधिकरणले जनाएको छ।

"नयाँ व्यवस्था बमोजिम करिब आठ सय मेगावाटका सौर्य आयोजनाको पिपिए गर्न सकिने छ । हाम्रो स्वामित्वमा रहेका २००, १३२ र ३३ केभी सबस्टेसन नजिक निर्माण हुने सौर्य आयोजनाको पिपिए गर्ने गरी प्रतिस्पर्धा गराउने छौँ", कार्यकारी निर्देशक घिसिङले भने, "जलविद्युत् आयोजना निर्माण हुन केही समय लाग्ने तर सौर्य आयोजना एक/डेढवर्षभित्रमा आउने भएकाले हिउँदको बढ्दो विद्युत् मागलाई पूरा गर्न ग्रिडमा आवद्ध सौर्य ऊर्जालाई प्राथमिकता दिइएको हो ।"

# लगानी सम्मेलनमा सहभागी हुन आह्वान



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालमा जलविद्युत्, पर्यटन, कृषि तथा उत्पादन लगायतका क्षेत्रमा लगानी गर्न विश्वका लगानीकर्ताहरुलाई आह्वान गरेका छन् ।

संयुक्त अरब इमिरेट्सको दुबइमा आयोजित विश्व सरकार शिखर सम्मेलन (वर्ल्ड गभर्मेन्टस् समिट) मा नेपालको निजी क्षेत्रका तर्फबाट धारणा राख्दै अध्यक्ष ढकालले नेपालमा लगानीका प्रचुर सम्भावना रहेकाले विश्वका लगानीकर्ताहरुलाई यसबाट लाभ लिन आग्रह गरेका हुन्।

उनले भने "नेपालमा जलविद्युत्, पर्यटन पूर्वाधारको विकास, कृषिको आधुनिकीकरण र उत्पादनमूलक क्षेत्रहरुमा लगानीका प्रचुर सम्भावना रहेकाले लगानीका लागि विश्वभरका लगानीकर्ताहरुलाई आह्वान गर्दछु ।" उनले नेपाल सरकारले मुलुकमा लगानीको प्रक्रियालाई सरल बनाउन, नियामकीय कतिपय झन्झट कम गरी पारदर्शिता अभिवृद्धि गर्न र व्यावसायिक वातावरण निर्माण गर्न नेपाल सरकार र निजी क्षेत्रका तर्फबाट पहल भइरहेको कुरा पनि सो सम्मेलनमा राख्नुभएको महासङ्घले बुधबार जारी गरेको विज्ञप्तिमा जनाइएको छ।

उनले भनेका छन् "नेपाल सरकारले यही अप्रिल २८-२९ मा आयोजना गर्न लागेको 'नेपाल लगानी शिखर सम्मेलन २०२४' लाई मध्यनजर गर्दै नेपालमा लगानीको अनुकूल वातावरण बनाउन केही ऐन-नियममा संशोधनको प्रक्रिया अगाडि बढाएको छ । साथै, विभिन्न सम्भावित साझेदार मुलुकहरुसँग द्विपक्षीय लगानी सम्झौता गरी लगानी सुरक्षाको प्रत्याभूति गर्न गइरहेको छ। यसले दुई देशबिच व्यावसायिक गतिविधि विस्तारमा सहज वातावरण बनाउनेछ।"

उनले नेपालले आयोजना गरेको सो लगानी सम्मेलनमा सहभागी हुन पनि सबैसँग आग्रह गरे। 'सेपिङ फ्युचर गभर्मेन्ट' भन्ने नाराका साथ आयोजना भइरहेको उक्त सम्मेलनमा विश्वका कैयौँ देशका राष्ट्र तथा सरकारप्रमुख अन्तर र्राष्ट्रिय सङ्घसंस्था, राजनैतिक दल तथा निजी क्षेत्रका प्रतिनिधिहरूको सहभागिता रहेको छ । शिखर सम्मेलनमा अध्यक्ष ढकालले नेपालको अर्थतन्त्र र देशको अर्थतन्त्रको विकासमा निजी क्षेत्रको भूमिकाका बारेमा चर्चा गर्दै नेपालको वर्तमान आर्थिक अवस्थाका बारेमा पनि जानकारी गराएका थिए।

# नेप्से परिसूचकमा सामान्य अङ्कको वृद्धि

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको वृद्धि देखिएको छ। बुधबार नेप्से परिसूचक पाँच दशमलव ९१ अङ्कले बढेर दुई हजार ७६ दशमलव ५० विन्दुमा कायम भएको हो।

बुधबार शेयर बजारमा रू चार अर्ब २५ करोड २७ लाख २२ हजार आठ सय ९५ बराबरको कारोबार भएको छ। तीन सय दुई कम्पनीको एक करोड २३ लाख ६३ हजार २७ कित्ता शेयर ७४ हजार छ सय ७५ पटक खरिदबिक्री भएको हो।

बैंकिङ समूहको उपसूचक शून्य दशमलव १८, होटल तथा पर्यटन समूहको उपसूचक शून्य दशमलव १४, जलविद्युत् समूह शून्य दशमलव १३, लगानी समूह शून्य दशमलव २१, जीवन बीमा समूह शून्य दशमलव २७ र लगानी समूह शून्य दशमलव ३७ प्रतिशतले घटेको छ। बुधबार सबैभन्दा धेरै वित्त समूह छ दशमलव ५६ प्रतिशतले र विकास बैंक समूह दुई दशमलव ३८ प्रतिशतले बढेको छ। त्यस्तै, उत्पादन तथा प्रशोधन शून्य दशमलव १०, लघुवित्त शून्य दशमलव ३४, म्युचुअल फन्ड शून्य दशमलव ३४, निर्जीवन बीमा समूह शून्य दशमलव ४० र अन्य समूहको उपसूचक एक दशमलव ०७ प्रतिशतले बढेको छ।

तीन कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। नेपाल फाइनान्स लिमिटेड, बोटलर्स नेपाल (बालाजु) लिमिटेड र पाँचथर पावर कम्पनी लिमिटेडको शेयर मूल्य १० प्रतिशतले बढेको हो। सबैभन्दा धेरै गुमाउनेमा भने पिपुल्स पावर लिमिटेडको शेयर मूल्य पाँच दशमलव ८१ प्रतिशतले घटेको छ।कारोबार भएका शेयर संख्याका आधारमा आज सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रू १७ करोड १७ लाख ६४ हजार आठ सय ८० बराबरको शेयर कारोबार भएको छ।

# ठेकाठेकीको माग घट्दै


**टुडे समाचारदाता**

लमजुङ । लमजुङको दोर्दी गाउँपालिका-८ खिन्चोक बैँसीका ३५ वर्षीय राजेन्द्र विकलाई परम्परागत काठका ठेकी व्यवसायबाट जीविकोपाजृनमा समस्या हुन थालेको छ । विसं २०७२ देखि श्रीकृष्ण हस्तकला उद्योग दर्ता गरेर ठेकी व्यवसाय सुरु गर्नुभएका विकलाई हिजोआज ठेकी बिक्री हुन छाडेपछि समस्या हुन थालेको हो।

परम्परागत रुपमा गाईभैँसी पाल्ने किसान घट्दै जाँदा र आधुनिक सामग्री प्रयोग गर्न थालेसँगै काठका ठेकीको व्यवसाय कम हुन थालेको भन्दै यो पेसाबाट जीविकोपार्जनमा समस्या हुन थालेको विकले बताए। परम्परागत काठका ठेकी बनाउने पेसाबाटै आफ्ना बाबा र ठूलो दाइले परिवार सहज रुपमा चलाए पनि यहीँ पेसा आफूले गर्दा आम्दानी हुन नसकेको उनको भनाइ थियो।

विकले बाबापछि दाजुले चलाएको र दाजुपछि त्यही कारखानामा आफूले काठका ठेकी बनाउँदै आएको बताए। कुमालको चक्र जस्तै घुम्ने बिजुलीको मेसिनमा बिहानदेखि साँझसम्म ठेकी बनाउने कारखानामा उनी व्यस्त छन् । उनले ठेकी बनाउनका लागि जस्तापाताको छानाभित्र लडिरहेका काठका मुढालाई सुम्सुम्याउँदै कहिले यता र कहिले उता पल्टाउछन् । कुन काठबाट कस्तो र कुन आकारको बनाउने भन्नेमा आफ्नो दिन बित्ने राजेन्द्रले बताए। लामो फलामको छिनो, धारिलो टुप्पो अलिअलि कुप्रिएको त्यही छिनोले काठका मुढा कोट्याएर काठका ठेकी तयार गर्दै बिक्री गरेर आम्दानी हुने उनको भनाइ थियो।

योबाहेक अन्य पेसा नभएकाले काठका सामग्री बिक्री नहुँदा परिवारको गुजारा चलाउनका लागि छिमेकीसँग सरसापट गर्दै आउनुपरेको विकले गुनासो गरे। आफू एक्लैले दैनिक दुई/तीन वटासम्म ठेकी तयार गरे पनि ठेकीको माग नहुँदा, बजार अभावलगायत कारणले आम्दानी घटेको भन्दै पेसा नै छाड्ने अवस्था आउन लागेको उनले बताए ।



विकले यसअघि विभिन्न देशमा काम गरेर स्वदेश फर्किएको थियो। तीन/चार पटक विभिन्न देशमा पुगे पनि राम्रो आम्दानी प्रशस्त नभएपछि स्वदेश फर्किएको विकले बताए। "सन् २००५ मा कतारमा दुई वर्ष काम गरेँ । महिनाको रु सात/आठ हजार मात्र कमाइ हुन्थ्यो । यहाँ गर्दै आएको काम छाडेर सन् २००९ मा साउदी गएँ र सन् २०१३ मा फर्किएँ", उनले भने।

विकले विदेशमा मासिक रु २२ हजारसम्म कमाइ हुने गरेको बताए । "न विदेशमा राम्रो कमाइ भयो, नत स्वदेशमा नै। आफूसहित परिवारमा श्रीमती र तीन छोरा गरी पाँचको परिवारको जीविकोपार्जनमा समस्या हुन थालेको छ", उनले भने । काठबाट थाल, कचौरा, पानी खानो करुवा, बत्ती बाल्ने दियो, काठका पाला, वाइन कप, ठेकीलगायत सबै सामग्री बनाउने गरेको विकको भनाइ थियो । उनका अनुसार रु चार सयदेखि १५ हजारसम्मको प्रति सामग्री तयार हुन्छ । गतवर्ष रु पाँच लाख बराबरको काठका सामग्री बिक्री गरेपनि घाटा भएको उनले बताए।

दुई जना मान्छे राखेर मासिक प्रतिव्यक्ति रु २० हजारका दरले पारिश्रमिक दिएर दुई महिना काम लगाउँदा आम्दानी हुन नोक्सानी भएको विकले बताए । गत चैतैदसैँदेखि दोर्दी गाउँपालिकाले केही सामग्री खरिद गरेर लैजाने गरेको उनको भनाइ थियो । विकले गत मङ्सिरयतादेखि व्यवसाय नभएको भन्दै साउनदेखि कात्तिकसम्म केही मात्रा बिक्री भएको बताए। व्यापार हुएको समयमा दैनिक रु पाँच सय भन्दाबढी बचत हुने उनको भनाइ थियो।

गाउँपालिका अध्यक्ष युवराज अधिकारीले परम्परागत काठका ठेकी बनाउने व्यवसाय लोप हुँदै गएको भन्दै यसको संरक्षणमा आफू लागिपरेको बताए। विगतमा धेरै ठाउँमा यस्ता सामग्री बनाउने भए पनि अहिले पालिकाभरी दुई जना मात्र रहेको जनाउँदै उनले पालिकाले उनीहरुले उत्पादन गरेका ठेकीको प्रवर्द्धन गर्न थालेको जानकारी दिए। पालिकाले मायाको चिनो स्वरुप उनीहरुले बनाएको ठेकी दिन थालेको भन्दै विद्यालय तथा अन्य महोत्सवहरुमा पनि मायाको चिनोस्वरुपत् यस्ता ठेकी दिनलाई उनले सबैलाई आग्रह गरे । उनीहरुले आधुनिक मेसिन पालिकासँग माग गरे पनि तत्काल बजेट नभएकाले उपलब्ध गराउन नसकिएको अध्यक्ष अधिकारीको भनाइ थियो । आगामी आर्थिक वर्षमा अत्याधुनिक उपकरण उपलब्ध गराउने योजना पालिकाले बनाएको उहाँले जानकारी दिए।

# किसानको रोजाइमा परेन अदुवाखेती

**टुडे समाचारदाता**

उदयपुर । जिल्लाको पश्चिमी पहाडी क्षेत्र, मध्य र पूर्वी पहाडी क्षेत्रमा उत्पादन हुँदै आएको व्यावसायिक अदुवा उत्पादन हाल आएर घट्दै गइरहेको छ।

जिल्लाको पश्चिमी पहाडी क्षेत्रको कटारी नगरपालिकाको सिरीसे, हर्देनी मयङ्खु, बेतिनी, घुर्मी, सोरुङछबीसे, कटारी, सोमबारे रिस्कु क्षेत्रसहित उदयपुर गढी गाउँपालिकाको भलायाडाँडा, बर्रे, तावाश्री क्षेत्रमा लामो समयदेखि व्यापकरुपमा उत्पादन हुने गरेको भए पनि कृषकले उचित मूल्य पाउन छाडेपछि हाल आएर अदुवाखेती समेत घट्दै गइरहेको कृषक बताउँछन् ।

पाँच/सात वर्षदेखि अदुवाको उचित मूल्य पाउन छाडिएका कारण आफूहरुले विगतको जस्तो अदुवा खेती विस्तार गर्न छाडेको उदयपुर गढी भलायाडाँडाका कृषक बमबहादुर मगर बताउँछन् । कटारी-१० सोरुङछबीसेका कृषक गौरबहादुर राउत भन्छन्, "अदुवा खरीदकर्ताले उचित मूल्य नै दिन मान्दैनन्, दुख गरेर अदुवाखेती गरे पनि उचित मूल्य नपाएपछि गाउँलेले पहिलेको जस्तो धेरै खेती गर्न छाडे।"

अर्का कृषक बेदबहादुर तामाङले जिल्लाभित्र वा बाहिरका बिचौलिया आएर सुरुमा नै रु ५० देखि ६० सम्म प्रतिकिलो मूल्य तोकेर खरिद गर्ने गेको बताए । उनले भने, "उनीहरुले गाउँबाट बाहिर लगेर रु एक सय २५ देखि रु डेढ सय प्रतिकिलोमा बिक्री गर्छन्, हामी वर्षेनी ठगिन पर्ने बाध्यता छ ।" कटारी रिस्कु सोमबारेका कृषक रामु दनुवारका अनुसार वर्षेनी बाहिरका मान्छे आएर अदुवाको मूल्य निर्धारण गर्ने गरेका कारण कृषकले उचित मूल्य नपाएर कम मात्र अदुवा खेती गर्ने गरेका छन् । गाउँघरबाट सस्तोमा खरिद गरेका अदुवा व्यापारीले विराटनगर, जनकपुर, वीरगञ्ज लगेर महङ्गोमा बिक्री गर्ने गरेका कृषक बताउँछन् ।आफूहरुले नसे र बोसे जातको अदुवा उत्पादन गर्ने गरेको सोमबारेका कृषक पदम दनुवार बताउँछन् । अदुवा खरीदकर्ता तथा व्यापारीले अदुवाको जातअनुसार फरक मूल्य निर्धारण गर्ने गरेका कारण आफुहरुले उचित मूल्य नपाएको कृषक बताउँछन् । कृषि ज्ञान केन्द्रका अनुसार जिल्लामा २०७५ सालदेखि २०७८ सालसम्म वर्षेनी पाँच सय ८८ हेक्टरदेखि पाँच सय ८३ हेक्टर क्षेफलमा अदुवाखेती हुँदै आएको देखिन्छ। विसं २०७९ र २०८० मा आएर पाँच सय ७७ हेक्टर क्षेत्रफलमा मात्र अदुवाखेती भएको तथ्याङ्क रहेको ज्ञान केन्द्रका सूचना अधिकारी तथा अधिकृत फुलमाया शेर्पा बताउँछन् । जिल्लाको मध्यपहाडी क्षेत्रको रौतामाई गाउँपालिकासहित चौदण्डीगढी नगरपालिकाको सिद्धिपुर चौदण्डीगढी क्षेत्रमा समेत हाल व्यावसायिक रुपमा अदुवा उत्पादन हुँदै गइरहेको ज्ञान केन्द्रले जनाएको छ । समयअनुसार उचित मूल्य नपाएपछि कृषकले विगतजस्तो व्यापकरुपमा अदुवाखेती विस्तार गर्न छाडेको कृषक बताउँछन् ।




## Invitation for Bids

**Laxminiya Rural Municipality**

**Office of Rural Municipal Executive**

**Laxminiya Bazar, Dhanusha**

**Date of publication: 15/02/2024**

1. Laxminiya Rural Municipality,Office of Rural Municipal Executive, Laxminiya Bazar, Dhanusha invites following electronic bid from eligible Nepalese bidders under Sealed Quotation.

| S. N | Contract ID No. and Description | Total Cost (Without VAT & contingencies) | Bid Document Price (Non Refundable) | Last Date and Time of Bids Document Submission | Bid Opening Date | Bid Validity Period | Bid Security | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | Amount Nrs. | Validity Period |
| 1 | LAX/GOODS/01-2080/81 Cha line sadak ma layit jadan karya | Rs. 1751255 | Nrs.1000 | 01st Mar 2024 (Within 12:00 hrs) | 1st Mar 2024 Within 13:00 hrs | 45 days From last date of bid submission | Rs 50,000.00 | 75 days From last date of bid submission |

3. Eligible bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

# प्रभावकारी सेवा प्रवाहका लागि प्रदेश सरकार तत्पर : मुख्यमन्त्री यादव

**सिकेन्द्र पासवान**

कलैया । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले प्रभावकारी सेवा प्रवाहका लागि प्रदेश सरकार तत्पर रहेको बताएका छन् । प्रादेशिक अस्पताल कलैयामा डाईलेसिस र एसएनसियु सेवाको उद्घाटन गर्दै मुख्यमन्त्री यादवले प्रादेशिक अस्पतालमाप्रभावकारी सेवा प्रदान गरी आम जनतालाई सहज रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउन मधेश प्रदेश सरकारले सहयोगका लागि कुनै कसर बाँकी नराख्ने बताए ।



उनले भने-'जन्मेको बच्चाहरुलाई तत्कालै सिसामा राख्नुपर्ने, किडनीको रोगीलाई रक्त सञ्चार गराउनुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै गरिबीको रेखामा रहेको ब्यक्तिहरुलाई पनि सहज पहुँचका लागि प्रदेश सरकारले ती सामग्रीहरु प्रदान गरिएको छ।'

अगामी दिनमा प्रादेशिक अस्पताल कलैयालाई प्रदेशकै नमुना अस्पतालको रुपमा विकास गर्ने सोच रहेको बताउदै उनले सोही अनुसारले काम अगाडि बढाइएको जानकारी दिए । कर्मचारीहरुलाई नागरिकको स्वास्थ्य सेवा चुस्तदुरुस्त रुपमा दिनमा कुनै प्रकारको कञ्जुस्याइ नगर्न निर्देशन समेत दिएका थिए । सिटिस्कायन, ५ बेडको पोष्ट टप वार्ड पनि चाडै उपलब्ध गराउने प्रतिवद्धता ब्यक्त गर्दै मुख्यमन्त्री यादवले कर्मचारी र भौतिक संरचना निर्माणमा समेत सहयोग गर्ने जानकारी दिए । मधेश प्रदेशमा सिरहा अस्पताललाई मात्र १ सय ५० बेड र बाकी ७ जिल्लालाई १ सय बेडको अस्पतालको रुपमा स्तरोउन्नति गरेको उनले जानकारी दिए ।

कलैया प्रादेशिक अस्पतालमा इकुपमेन्टहरु पर्याप्त रहे पनि जनशक्तिको अभावमा प्रभावकारी सेवा दिन नसकेको अस्पताल प्रशासनले गुनासो गरेका थिए ।

ईन्डोस्कोपी, अपरेशन थिएटर, भेन्टीलेटर, थाईराईड, एसएनसियु मेसिनफुल सेटअपको ईमेरजेन्सी, रक्त संचार केन्द्र लगायतका सुविधाहरु प्रादेशिक असपतालमा रहे पनि सो विधाका विज्ञ नरहेको हुँदा कतिपय मेसिनबाट दिनुपर्ने सेवाहरु कलैया अस्पतालका प्रमुख डाक्टर अजय गुप्ताले नै दिनुपर्ने बाध्यता रहेको अस्पताल विकास समितिका अध्यक्ष प्रकाश चौगाईले जानकारी दिए । २५ बेड हुँदै सय बेडको अस्पताल संचालन संगै यहाँ ठूलो क्षमताको भिडियो एक्सरे, एक्सरेको आवश्यकता, ल्यावमा भरपर्दो समानहरु उपलब्ध गराउनुको साथसाथै थप जनशक्तिको पनि व्यवस्थान नहुँदा समस्या सृजना हुने गरेको कलैया प्रदेशिक अस्पतालका प्रमुख साहले बताए ।

डाईलेसिसको उद्घाटनसंगै जिल्ला बासीहरुलाई ठूलो राहत हुने भएको छ पूर्व संघीय सांसद रामबाबु कुमार यादवले बताए । डाईलेसिसका लागि वीरगञ्ज, चितवन, काठमाण्डु जानुपर्ने बाध्यताको अन्त्य भएको प्रादेशिक अस्पताल कलैयाका अध्यक्ष प्रकाश चौगाईले भने ।

कलैया अस्पतालमा ईन्डोस्कोपी सेवाको समेत शुरुवाती भइसकेको छ । जिल्लामा ग्यासका बिरामीहरुको संख्या दिनप्रतिदिन बढ्दै गईरहेको हुँदा यस मेसिनले पेटको अन्द्रामा रहेको घाउ, अलसर, सुजन देखेर रोग सहिलै संग पता लगाउनमा सहज हुने भएको हुँदा जिल्ला बासीहरुलाई सेवाका लागि जिल्ला बाहिर जान नपर्ने अस्पतालका प्रमुख गुप्ताले बताए ।

कलैया अस्पतालमा सर्जन २ जना अर्थोपेटिक्स, फिजिसियन, पेरिएडिक, प्रसूति, रेडियोलोजिष्ट, एमडी जिपी, एनेथिसिया १ , १ सहित कन्सलटेन्ट रहेको छ भने मेडिकल अफिसर ८जना रहेको अस्पताल प्रमुख गुप्ताले जानकारी गराएका थिए। एक जना कन्सलटेन्ट भने मनो चिकित्सक नरहेको र चाडै नै त्यो पनि पदपूर्ति गर्ने उनले बताए । अस्पतालमा हाडजोर्नी, टुटेफुटे, हर्निया, एपेन्डिक्स, सिएस अप्रेशन हुने गरेको छ । दैनिक १५ जना किडनीका बिरामीहरुलाई डाईलाईसिस सेवादिन सकिने अस्पताल प्रमुख गुप्ताले जानकारी दिए ।

# राजविराज नगरपालिकाको नाममा अल्पकालिन अन्तरिम आदेश

**टुडे समाचारदाता**

राजविराज । राजविराज नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत विष्णु प्रसाद गुरुङ्गलाई संघिय मामिला तथा सामन्य प्रशासन मन्त्रालय फिर्ता पठाउने नगरपालिकाको निर्णय विरुद्ध परेको उत्प्रेसन रिटमा अदालतले बुधवार अल्पकालिन अन्तरिम आदेश जारी गरेको छ ।

नगरपालिकाले अघिल्लो दिन मंगलवार प्रमुख प्रशासकिय अधिकृत गुरुङ्गलाइ संघिय मामिला तथा समान्य प्रशासन मन्त्रालय फिर्ता पठाउने निर्णय गरेको थियो । सो निर्णय गैर कानुनी भएको भन्दै निर्णय बदरका लागी उत्प्रेसन आदेश जारी गरी पाउँ भनी उनी न्याय खोज्दै उच्च अदालत जनकपुर-राजविराज इजलाश पुगेका थिए । नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परवीनको अध्यक्षतामा गत माघ १९ गते वसेको कार्यपालिकाको बैठकले कर्मचारी भन्दा राजनीती गर्न खोजेको र कार्यालयको काममा उदासिन रहेको आरोप लगाउदै प्रमुख प्रशासकिय अधिकृत गुरुङ्गलाई मन्त्रालय फिर्ता पठाउने निर्णय गरेको थियो ।

उक्त निर्णय बारे अघिल्लो दिन जानकारी सहित फिर्ता पठाइएको पत्र प्रमुख प्रशासकिय अधिकृत गुरुङ्गलाई थमाइए पछी उनी अदालत पुगेका थिए । उनी अदालत पुगेको खबर पाएपछि झन आक्रोशित बनेका केही वडाअध्यक्ष उनको कार्यकक्ष र निवास स्थलामा समेत तालाबन्दी गरेका थिए ।

यद्धपी निवासमा गरिएको तालाबन्दीको व्यापक आलोचना भएपछि मंगलवार राती ८ बजे तालाबन्दी खोलिएको थियो ।

> नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परवीनको अध्यक्षतामा गत माघ १९ गते वसेको कार्यपालिकाको बैठकले कर्मचारी भन्दा राजनीती गर्न खोजेको र कार्यालयको काममा उदासिन रहेको आरोप लगाउदै प्रमुख प्रशासकिय अधिकृत गुरुङ्गलाई मन्त्रालय फिर्ता पठाउने निर्णय गरेको थियो ।

प्रमुख प्रशासकिय अधिकृत गुरुङ्गले कुनै पनि पालिकाका जनप्रतिनीधीलाई संघिय सरकार मातहतका कर्मचारीलाई फिर्ता पठाउने र सरुवा गर्ने अधिकार नरहेको भन्दै सो निर्णय विरुद्ध कार्य वाहक नगर प्रमुख इसरत परवीनलाई विपक्षी बनाउदै अदालतमा उत्प्रेसन रिट दायर गरेका थिए ।

रिट उपरको सुनवाई गर्दै न्यायधिश कौशल चन्द्र सुवेदीको इजलासले अन्तरिम आदेश जारी गरेको हो । आदेशमा यसमा के कसो भएको हो ? निवेदकको माँग बमोजिमको आदेश किन जारी हुनु न पर्ने ? आदेश जारी नहुनु पर्ने कुनै आधार र कारण भए सो समेत उल्लेख गरी १५ दिन भित्र आफै वा कानुन बमोजिमको प्रतिनीधी मार्फत लिखित जवाफ पेश गर्नु भनी उल्लेख छ ।

आदेशमा फागुन ६ गते दुबै पक्षको उपस्थितीमा छलफल गराई निष्कर्षमा पुग्न उपयुक्त हुने भन्दै सो प्रयोजनका लागी सोही दिनको पेशी समेत तोकिएको छ ।

यस्तै आदेशमा अन्तरिम आदेशको छलफलका लागी पेशी तोकिएको मिति सम्म निवेदकलाई हाजिर भई नियमित कामकाज गर्न अवरोध नगर्नू/गर्न नदिनु भनी उच्च अदालत नियमावली २०७३ को नियम ४२ (१) बमोजिम विपक्षीहरुको नाममा अल्पकालिन अन्तरिम आदेश जारी गरि दिएको समेत उल्लेख गरीएको छ ।

# हराउँदै श्रीपञ्चमी पर्वका कृषि परम्परा

**टुडे समाचारदाता**

जलेश्वर । मधेशको प्राचीन मिथिलाक्षेत्र चाडवाड र लोक सांस्कृतिक परम्पराले उर्वर मानिन्छ । माघ शुक्लपञ्चमी पनि कतिपय परम्परासँग जोडिएको पर्व छ । यस दिनलाई वसन्तपञ्चमी वा श्रीपञ्चमी भन्ने गरिएको छ ।



श्रीपञ्चमी पर्व वैदिक परम्परामा विद्याकी अधिष्ठात्री देवी सरस्वतीको पूजनोत्सव र ससाना नानीहरुको अक्षरारम्भसँगै कतिपय कृषि परम्परासँग जोडिएको छ । यद्यपि अब पर्वविशेषका कृषि परम्परा भने हराउँदै छन् । महोत्तरीसहितका प्राचीन मिथिलाक्षेत्रमा श्रीपञ्चमीका दिन मनाइने कृषिसम्बद्ध परम्परा देखिन छाडेका छन् ।

मिथिलाक्षेत्रमा श्रीपञ्चमीकै दिन गरिने वर्षभरका कृषिकाम गर्ने श्रमिक चयन गर्ने, कृषि ज्यावल मर्मत गर्ने लोहार (कृषि ज्यावल मर्मतको काम गर्ने जातिविशेष) पक्कापक्की गर्ने र बाँझो खेतमा एकै छिन भएपनि हलो घुमाउने परम्परा अब देखिन छाडेको छ। यहाँका गाउँ बस्तीमा कृषि कार्यका श्रमिक पाउने छाडिएपछि यी परम्परा हराउँदै गएको भङ्गाहा-४ थारुटोल बनराका ७५ वर्षीय किसान रामऔतार सिंह थारु बताउछन् ।

"गाउँमा न मजदुर (कृषि श्रमिक) पाइन्छन् , न लोहार ! कहाँ खोज्ने ? कहाँ पुज्ने ?" थारु भन्छन्, "यी चलन नातिनातिनालाई सुनाइने कथाजस्तै भइसके ।" श्रीपञ्चमी पर्व नजिकिन थालेपछि यसपछिको एक वर्षभरि खेतीपातीका काम गर्ने मजदुरको पक्कापक्की गर्ने र पर्वका दिन ती श्रमिकलाई घरमा बोलाएर टीका लगाइ दिएर वरण गर्दै मिष्ठान्न भोजन गराएर दक्षिणा दिने पुरानो मैथिल परम्परा छ । यसैगरी कृषि ज्यावल (हलो, कोदालो, कुटो, कचिया, खुर्पाआदि) मर्मत गर्ने (हलोको फाली उद्याउने/पिट्ने, हलो, हरिस/जुवा काँटछाँट गर्ने, कुटोकोदालो र कचिया, खुर्पाको धार पिट्ने, बिंड लगाउनेआदि) कामका लागि लोहार पूजनको परम्परा पनि अब देखिन छाडेको छ ।

"गाउँमा उमेरदारी न लोहार छन्, न खेतीपातीका काम गर्ने मजदुर !" गौशाला-४ रजखोरका ६० वर्षीय किसान रिझन साह भन्छन्, "अनि कसलाई टिको लाउनु ? को वरण गर्नु ?" खासमा कृषि कार्यमा पोख्त मानिने मुसहर, बाँतर जातिसमुदायका नयाँ पुस्ता १५/१६ वर्षकै उमेरमा भारतको पञ्जाव, हरियाणातिर काममा जान थालेपछि यहाँ कृषि श्रमिक पाइन छाडेका रिझनसहितका आम किसानको भनाइ छ । त्यसैगरी कृषि ज्यावल मर्मत गर्ने लोहार (बरही पनि भनिन्छ) परिवारका नयाँ पुस्ता पनि विभिन्न अवसरको खोजीमा बाहिर जान थालेपछि यहाँका घरमा बुढाखाडामात्र देखिन्छन् । आफू गर्नसकुञ्जेल यी परम्परा थेगेपनि अब छोरानाति साथमा नभएपछि अब आरन (फलामे हतियार र अन्य ज्यावल बनाउन फलाम तताउने एकप्रकारको परम्परागत यन्त्र) बन्द भएका भङ्गाहा-४ रामनगरका ७० वर्षीय राममिलन ठाकुर बरही बताउछन् ।

"घरमा न छोरा छन् , न नाति, आरनको खलाँती (आरनमा आगो जगाउन हावा दिइने छालाबाट बनेको थैला) फुक्न चलाउने नै छैनन्" घरको पारिवारिक अवस्था दर्शाउँदै राममिलन भन्छन्, "उमेरदारी सबै बिदेसिए, घरमा म र बुढी त छौं ।" काम गर्ने उमेरका जति मुगलान पसेपछि यता खेतीपातीका काममा मजदुर पाइन छाडेसँगै यीसँग जोडिएका परम्परा हराउँदै गएका पाका किसान एक स्वरले बताउँछन् । अब त चाडपर्व परम्परामात्र नभएर बुढो पुस्ता सकिएपछि खेतबारी सबै बाँझै बस्ने चिन्ता पो पस्न लागेको रामगोपालपुर-८ थलहीका ७५ वर्षीय रामविलास ठाकुर बताउछन् । श्रमिक र लोहार नपाइँदा पुज्ने चलन हराए झैं श्रीपञ्चमी पर्वमा कमसेकम एक मोड हलो जोत्ने परम्परा पनि अब देखिन छाडेको छ ।

"अब खेतीपाती सुविधामुखी भइसक्यो, मान्छेले गोरु पाल्न छाडे, घरमा गोरु नै नभएपछि के मोड घुमाउनु ?" बर्दिबास-७ प्रेमनगरका ७० वर्षीय अर्जुन महतो भन्छन्, "अब हाम्रा चलन कथाकहानीजस्ता भइसके ।"

मिथिलाका चाडपर्व कृषि कार्य र फसलसँग अन्तरसम्बन्धित हुँदै आएका परम्परा देखिन्थ्यो । श्रीपञ्चमी कृषि कार्यको नयाँ वर्ष प्रारम्भको दिन मानिने परम्परा रहेको बुढापाका सम्झन्छन् । "एक मोड भए पनि हलो घुमाउनु भनेको वर्षको पहिलो दिन काम बिस्तुर जान नदिनु भन्ने सन्देश त हो" गौशाला-१० लक्ष्मीनियाँका ७५ वर्षीय किसान लक्ष्मीप्रसाद सिंह कुशवाहा भन्छन्, "यी सबै चलन हराए ।"

मिथिलामा अधिकांश चाडपर्वमा कृषि फसलले राम्रो बजार पाउने चलन छ । श्रीपञ्चमीमा केशोर र बयर फलको महत्व छ । यसैगरी छठमा उखु, अदुवा, बेसार र ज्यामिरसहितका कृषि उत्पादनले बजार पाउँछन् । मिथिला खासमा कृषि प्रधान क्षेत्र भएका हुँदा यहाँका चाडवाडमा कृषि कर्म र उत्पादनको सम्बन्ध जोडिएको मैथिल परम्पराको कर्मकाण्डका ज्ञाता बर्दिबास-२ का दिनेशकुमार झा बताउछन् । तिलासक्रायतमा तरुल, सुठुनी र उखुबाट बन्ने सख्खर । नयाँ वर्ष (वैशाख १ गते) को जुडशीतलमा सोहीजन, चौरचन/छठमा केरा । पर्वपिच्छे कृषि फसलका विशेष सम्बन्ध रहेका झा सम्झछन् ।

आफ्नो ठाउँका पुराना लोकपरम्परा हराउँदै जाँदा पाका पुस्ताका मैथिल खिन्नता जनाउँछन् । एकपछि अर्को परम्परा बिर्सँदै, हराउँदै गएपछि आफ्नो विगतप्रति गौरववोध गर्ने अवस्था नै नरहने चिन्ता लाग्ने गरेको बर्दिबास-९ पशुपतिनगरका ८० वर्षीय किसान नथुनी महतो बताउछन् । नयाँ पुस्ताले यी चाडपर्वविशेषका लोक परम्परा खोजी थामी दिउन् भन्ने लाग्ने गरेको महतोको भनाइ छ ।

# महेन्द्र बहुमुखी क्याम्पसको भवन शिलान्यास

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको ढल्केबरमा महेन्द्र बहुमुखी क्याम्पसको भवन शिलान्यास गरिएको छ । बुधबार मिथिला नगरपालिकाका नगरप्रमुख महेन्द्र महतो र उपप्रमुख सुनीतासिंह बुढाथोकीले एक कार्यक्रमबीच क्याम्पस भवनको शिलान्यास गरेका छन् ।



भवन शिलान्यास गर्दै नगरप्रमुख महतोले क्याम्पस निर्माणपश्चात् यस भेगका विद्यार्थीलाई उच्च शिक्षा हासिल गर्न बाहिर जानुपर्ने बाध्यता हट्ने बताए । उनले प्रस्तावित योजना अनुसार बिएड, बिडिएस, बिबिएस, सिटिइभिटी अन्तर्गत तीन वर्षे सिभिल ओभरसियर र सर्भेयर (अमिन) को पढाइ हुने जानकारी दिए । नगरप्रमुख महतोले क्याम्पस भवन निर्माण गर्ने १५ करोड रुपैयाँभन्दा बढी खर्च अनुमान गरिएको बताउँदै सबै खर्च नगरपालिकाको आफ्नै बजेटबाट हुने बताए । "भवन निर्माणका लागि चालु आर्थिक वर्षमा साढे चार करोड रुपैयाँ साधारण सभाबाट छुट्टयाएका थियौँ । जसमध्ये टेन्डरमार्फत एमएस जेभी निर्माण कम्पनीले अढाइ करोड रुपैयाँमा ब्लक बि अन्तर्गतको पहिलो तलाको ठेक्का पाएको छ", उनले भने ।

क्याम्पस निर्माण तथा सञ्चालनका लागि आवश्यक सबै कानुनी प्रक्रिया पूरा भएको बताउँदै नगरप्रमुख महतोले भवन निर्माण भए लगत्तै क्याम्पस सञ्चालन गरिने बताए ।

# लोसपामा महतो टाढिए, त्रिपाठी नजिकिए

**टुडे समाचारदाता**

जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा)बाट वरिष्ठ नेता राजेन्द्र महतो टाढिए लगतै हृदयेश त्रिपाठी नजिकिएका छन् ।

त्रिपाठीको नेतृत्वमा रहेको जनता प्रगतिशिल पार्टी (जप्रपा)र लोसपाबीच प्रारम्भिक चरणमा छलफल भएको दुवै दलका नेताहरुले पुष्टि गरेका छन् ।

पार्टी एकीकरणको विषयमा कुनै चर्चा नभएको बताउँदै जप्रपाका अध्यक्ष त्रिपाठीले भने, 'लोसपाका नेताहरुसित सहकार्यको सवालमा प्रारम्भिक चरणको छलफल भएको छ ।

त्रिपाठीले गठन गरेको जप्रपाले गत आम निर्वाचनमा एकस्थान पनि जित्न सकेन् । लोसपालेपनि राष्ट्रिय पार्टीको मान्यता गुमाए ।

लोसपाका वरिष्ठ उपाध्यक्ष जितेन्द्र सोनलले पनि सामान्य छलफल भएको बताएका छन् । 'सबै दलसित छलफल हुन सक्छ' उनले भने, तर अहिले ठोस रुपमा छलफल पनि अगाडि बढेको छैन् ।


## वैदेशिक रोजगारीका सम्बन्धमा ध्यान दिनुपर्ने कुराहरु

- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारीमा नजाऔं,
- वैदेशिक रोजगारमा जानुअघि आवश्यक सीप तथा भाषा सिकौं,
- आफू जान लागेको देश, गर्ने काम र पाउने पारिश्रमिकको जानकारी लिऔं,
- अर्काको लहैलहैमा वैदेशिक रोजगारमा नजाऔं,
- ईजाजत प्राप्त कम्पनी मार्फत रोजगारीमा जाऔं, दलालको फन्दामा नपरौं,
- सुरक्षित वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिएर मात्र जाऔं,
- नेपालको विमानस्थल प्रयोग गरेर मात्र वैदेशिक रोजगारमा जाऔं,
- सरकारले तोकेभन्दा बढी रकम मागेमा तुरुन्त वैदेशिक रोजगार विभाग वा स्थानीय प्रशासनमा खबर गरौं,
- विदेशमा कमाएको रकम सुरक्षित राखौं र आधिकारिक माध्यमबाट मात्र घर पठाऔं,
- विदेशमा फजुल खर्च नगरौं, कमाएको रकम बचत गरी घर फर्की आफै उद्यमी बनौं,
- श्रम स्वीकृतीको अवधि सकिएपछि अनिवार्य स्वदेश फर्किऔं,
- पुनः जानु पर्ने भए श्रम स्वीकृती लिएर मात्र जाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## आवश्यकता

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ ।

**कम्प्युटर अपरेटर - १ (एक) जना**

सम्पर्क

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.

जनकपुरधाम, धनुषा

सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५





जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८